राष्ट्रिय 'क' वर्गको पत्रिका

नेपाल सम्वत् ११४६
कात्तिक कृष्ण प्रतिपदा

मिसन टुडे

www.missiontodaynews.com

'सूचनामा तपाईंसँगको साझेदारी'

राष्ट्रिय दैनिक

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित



वर्ष : १६ | अंक ११८ | पृष्ठ ४+४ | मंगलबार १० कात्तिक २०८३ | (TUESDAY 27 OCTOBER 2026) | मूल्य रु. १०

नेपाल प्रिमियर लिग

लुम्बिनीको उपाधि रक्षाको अभियान सुखद

सुदूरपश्चिममाथि शानदार जित

नन्दराम जैशी
सुर्खेत, ९ कात्तिक

साविक विजेता लुम्बिनी लायन्सले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) मा सुदूरपश्चिम रोयल्समाथि शानदार जित निकाल्दै उपाधि रक्षाको अभियान सुखद बनाएको छ ।

बलिङमा सुदूरपश्चिमलाई कमजोर अवस्थामा पुऱ्याएको लुम्बिनीले ब्याटिङमा पनि आक्रामक प्रदर्शन गर्दै ८७ रनको सामान्य लक्ष्य १० ओभरभित्रै पूरा गरेको हो । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सुदूरपश्चिमले प्रस्तुत गरेको ८८ रनको लक्ष्य लुम्बिनीले ९ ओभर ५ बलमा तीन विकेट गुमाएर भेट्टायो ।

जितसँगै लुम्बिनीले प्रतियोगिताको सुरुवातमै आफ्नो बलियो दाबेदारी प्रस्तुत गरेको छ । अर्कोतर्फ सुदूरपश्चिमका लागि भने पहिलो खेल नै निराशाजनक रहेको छ । लुम्बिनीको जितमा ओपनर डार्सी सर्ट र आसिफ शेखको आक्रामक सुरुवात निर्णायक बन्यो । सर्टले १८ बलमा चार चौका र तीन छक्काको मद्दतमा ४० रन बनाए । आसिफले ३२ रनको योगदान दिए । यी दुईले पहिलो विकेटका लागि ७१ रनको साझेदारी गर्दै जितको आधार तयार पारेका थिए ।

लक्ष्य सानो भए पनि लुम्बिनीले सुरुवातदेखि नै रनको गति तीव्र राख्यो । सर्ट र आसिफको साझेदारीले सुदूरपश्चिमका बलरलाई दबाबमा राख्यो । पहिलो विकेटका लागि भएको ७१ रनको साझेदारी टुट्दा लुम्बिनी जितको निकै नजिक पुगिसकेको थियो ।

निरोशन डिक्वेला सात रनमा बोल्ड भए भने शमिम हुसेन एक रनमा आउट भए । कप्तान रोहितकुमार पौडेल पाँच रनमा अविजित रहे । बलिङमा सुदूरपश्चिमका अनिल खरेलले दुई तथा कप्तान दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए । तर, लुम्बिनीको तीव्र रनगतिलाई रोक्न सुदूरपश्चिमका बलर सफल भएनन् ।



लुम्बिनीको जितको वास्तविक आधार भने पहिलो इनिङ्समा देखिएको उत्कृष्ट बलिङ प्रदर्शन थियो । टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम १७ ओभर २ बलमा ८७ रनमै समेटियो । टोलीले निर्धारित २० ओभरसमेत पूरा गर्न सकेन ।

लुम्बिनीका किशोरी महतोले चार विकेट लिँदै सुदूरपश्चिमको ब्याटिङ क्रम ध्वस्त पारे । शेर मल्लले तीन विकेट लिएपछि सुदूरपश्चिम ठूलो संकटमा परेको थियो । शाड्ली भानले एक तथा तिलकराज भण्डारी र कप्तान रोहितकुमार पौडेलले एक-एक विकेट लिए ।

सुदूरपश्चिमका ब्याटरले भने सुरुदेखि नै लुम्बिनीका बलरको दबाब सामना गर्नुपऱ्यो । नियमित अन्तरालमा विकेट गुमाउँदा टोलीले ठूलो साझेदारी बनाउन सकेन । कुनै पनि ब्याटरले लामो समय क्रिजमा टिकेर इनिङ्स सम्हाल्न नसक्नु सुदूरपश्चिमको कमजोर स्कोरको प्रमुख कारण बनेको हो ।

चौथो ओभरको पहिलो बलमा शेर मल्लले विनोद भण्डारीलाई एलबीडब्ल्यू आउट गर्दै लुम्बिनीलाई पहिलो सफलता दिलाए । विनोदले नौ रन बनाए । त्यसपछि आरिफ शेख खाता नखोली आउट भए । सुरुआती विकेट गुमाएपछि सुदूरपश्चिममाथि दबाब बढ्दै गयो ।

बाँकी दोस्रो पृष्ठमा...

बलिङमा दबदबा, ब्याटिङमा तीव्रता

लुम्बिनीको प्रदर्शनलाई हेर्दा टोलीले जितका लागि दुवै पक्षमा सन्तुलित खेल देखाएको छ । बलरहरूले सुदूरपश्चिमलाई कम स्कोरमा सीमित गरे भने ब्याटरले कुनै अनावश्यक दबाब नलिई तीव्र गतिमा लक्ष्य पछ्याए ।

विशेषगरी किशोरी महतो र शेर मल्लको प्रदर्शनले लुम्बिनीको जित सहज बनायो । उनीहरूले सुदूरपश्चिमको ब्याटिङ क्रमलाई लगातार दबाबमा राखे । अर्कोतर्फ, डार्सी सर्टको आक्रामक ब्याटिङले लक्ष्य पछ्याउने क्रममा आवश्यक रनरेटभन्दा निकै तीव्र गतिमा रन जुटायो ।

क्रिकेटमा सानो लक्ष्य पछ्याउँदा पनि सुरुवाती विकेटले खेलमा अनिश्चितता थप्ने गर्छ । तर, सर्ट र आसिफको साझेदारीले लुम्बिनीलाई त्यस्तो अवस्थाबाट टाढा राख्यो । पहिलो विकेटका लागि भएको साझेदारीले खेलको नतिजा चाँडै लुम्बिनीतर्फ मोडिदियो ।

तर, प्रतियोगिताको पहिलो खेलकै आधारमा कुनै टोलीको समग्र क्षमता वा उपाधि यात्राको निष्कर्ष निकाल्न नमिल्ने क्रिकेट प्रशिक्षक निश्चल रावल बताउँछन् । उनका अनुसार लुम्बिनीका लागि यो जितले आत्मविश्वास बढाउनेछ भने सुदूरपश्चिमले आगामी खेलमा ब्याटिङ सुधार गर्नुपर्ने छ ।

बाँकी दोस्रो पृष्ठमा...

एनपीएलबाट डेढ अर्ब आम्दानीको अपेक्षा

क्यानले यस संस्करणमा प्रायोजन, टिकट बिक्री र प्रसारण अधिकारबाट आम्दानी बढ्ने अपेक्षा गरेको छ । क्यानका कोषाध्यक्ष पदम खड्काका अनुसार प्रतियोगिताबाट कूल एक अर्ब ५० करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।

'प्रायोजनबाट २० करोड रूपैयाँ तथा टिकट बिक्री र प्रसारण अधिकारबाट ७० करोड रूपैयाँभन्दा बढी आम्दानी हुने क्यानको अपेक्षा छ,' उनले भने, 'प्रतियोगिताको बढ्दो व्यावसायिक आकर्षणसँगै पुरस्कार राशि वृद्धि गरिनुलाई पनि एनपीएलको आर्थिक विस्तारसँग जोडेर हेरिएको छ ।' उनका अनुसार एनपीएलको तेस्रो संस्करणको सुरुवातसँगै नेपाली क्रिकेटमा प्रतिस्पर्धा, व्यावसायिकता र दर्शक आकर्षण थप बढ्ने अपेक्षा गरिएको छ । यस्तो अवस्थामा साविक विजेता लुम्बिनीको पहिलो खेलको प्रदर्शनले प्रतियोगितामा उसको सम्भावनाबारे सकारात्मक संकेत दिएको उनले बताए ।

यसैबीच, तेस्रो संस्करणमा पुरस्कार राशि पनि बढाइएको छ । प्रतियोगिताको विजेतालाई

बाँकी दोस्रो पृष्ठमा...

सराय नाचको रौनकले लमहीमा दसैँको सांस्कृतिक उत्सव

शिवु खनाल
दाङ, ९ कात्तिक

हातमा खड्ग, साथमा पञ्चेबाजाको गुञ्जन, परम्परागत पहिरनमा सजिएका सहभागी र सराय नाचको उल्लासमय दृश्य । धार्मिक आस्था, मौलिक संस्कृति र पुस्तौँदेखि चलिआएको परम्पराको झल्को दिने यस्तै दृश्यले सोमबार लमहीको वातावरण उल्लासमय बन्यो । दसैँको अवसरमा खेलिँदै आएको परम्परागत सराय नाच तथा खड्गजात्राले लमहीलाई सांस्कृतिक रौनकले भरिदियो ।

लमहीस्थित कालिका भगवती मन्दिर व्यवस्थापन समितिको आयोजनामा सराय नाच तथा खड्गजात्रा निकालिएको हो । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यस पर्वमा खड्ग प्रदर्शन, पञ्चेबाजाको धुन र स्थानीयको उत्साहले मौलिक परम्पराको जीवन्त झल्को दिएको थियो । नेपाली समाजमा दसैँ केवल टीका र जमरा लगाउने चाड मात्र नभएर यो आस्था, विश्वास, सामाजिक सद्भाव र सांस्कृतिक पहिचानसँग जोडिएको पर्व पनि हो । दसैँका अवसरमा विभिन्न स्थानमा मनाइने सराय नाच तथा खड्गजात्राले यही सांस्कृतिक पहिचानलाई जीवन्त बनाउँदै आएको छ ।



लमहीमा निकालिएको सराय नाच तथा खड्गजात्राले पनि स्थानीय कला, संस्कृति र परम्पराप्रतिको आत्मीयता उजागर गरेको छ । परम्परागत बाजागाजाको तालमा प्रस्तुत गरिने सराय नाच र खड्ग प्रदर्शनले नयाँ पुस्तालाई पुर्खाले जोगाउँदै आएको सांस्कृतिक सम्पदासँग जोड्ने अवसर प्रदान गरेको छ ।

लमहीस्थित कालिका भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हिमन्तप्रसाद पाण्डेका अनुसार सराय नाच तथा खड्गजात्राले स्थानीय मौलिक कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ । अध्यक्ष पाण्डेले परम्परागत सराय नाच तथा खड्गजात्रालाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै यसको संरक्षण गर्नु आवश्यक रहेको बताए । उनका अनुसार पुराना पुस्ताले जोगाउँदै आएको सांस्कृतिक परम्परालाई नयाँ पुस्ताले पनि आत्मसात् गर्न सके मात्रै यसको निरन्तरता कायम रहन सक्छ । समयसँगै जीवनशैली र मनोरञ्जनका माध्यम परिवर्तन भइरहेका बेला यस्ता मौलिक सांस्कृतिक गतिविधिले नयाँ

बाँकी दोस्रो पृष्ठमा...



बाँकेमा नेकपाको दुईमहिने राष्ट्रिय जागरण अभियान सुरु

नेपालगन्ज (बाँके) । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले संगठन सुदृढीकरण, जनसम्बन्ध विस्तार र आगामी निर्वाचनको तयारीलाई लक्षित गर्दै बाँकेमा दुईमहिने राष्ट्रिय जागरण अभियान सुरु गरेको छ । पार्टीले नेपालगन्जमा कार्यक्रम आयोजना गरी अभियानको औपचारिक शुभारम्भ गरेको हो । अभियानमार्फत पार्टीको संगठनलाई वडा तहसम्म विस्तार गर्ने, जनताका समस्या र गुनासा संकलन गर्ने तथा जनजीविकाका सवालमा जनमत निर्माण गर्ने लक्ष्य राखिएको छ ।

अभियानको उद्घाटन गर्दै पार्टीका स्थायी समिति सदस्य तथा लुम्बिनी प्रदेश इन्चार्ज चक्रपाणी खनाल 'बलदेव'ले अभियानले पार्टीका गतिविधि जनतामाझ पुर्‍याउन र संगठनलाई तल्लो तहसम्म व्यवस्थित बनाउन सहयोग पुग्ने बताए । उनले अभियानलाई जनतासँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने र आगामी राजनीतिक गतिविधिका लागि आधार तयार गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने धारणा राखे ।

पार्टीका अनुसार अभियानका क्रममा जनताका दैनिक समस्या र गुनासा संकलन गरी अभिलेख राखिनेछ । ती समस्या समाधानका लागि सम्बन्धित निकायमा पहल गर्ने तथा महँगी, बेरोजगारी, भ्रष्टाचार, सुशासन, सामाजिक न्याय र नागरिकका आधारभूत आवश्यकताका विषयमा जनसंवाद सञ्चालन गरिनेछ ।

अभियानअन्तर्गत पार्टी सदस्यता नवीकरण तथा विस्तार, निष्क्रिय सदस्यलाई पुनः सक्रिय बनाउने, स्थानीय तहमा संगठनात्मक संरचना सुदृढ गर्ने र पार्टीका विभिन्न तहमा बैठक, भेला तथा प्रशिक्षण सञ्चालन गरिनेछ । पार्टीको राजनीतिक तथा वैचारिक दिशा, कार्यशैली र आचरणबारे समीक्षा गर्दै स्थानीय तहबाट सुझाव संकलन गरी माथिल्लो तहसम्म पुर्‍याउने योजना पनि रहेको छ ।

जिल्ला इन्चार्ज अकल बमका अनुसार बाँकेका सबै स्थानीय तहका वडा वडासम्म अभियान विस्तार गरिनेछ । त्यसका लागि केन्द्रीय सदस्यहरूको नेतृत्वमा जिम्मेवारी बाँडफाँट गरिएको छ । स्थानीय, प्रदेश र केन्द्रीय तहका पार्टी संरचनाबीच समन्वय गरी अभियानका गतिविधि सञ्चालन गरिने उनले बताए ।

आगामी निर्वाचनलाई लक्षित गर्दै पार्टीको जनआधार र राजनीतिक अवस्थाको अध्ययन, जनभेला तथा अन्तरक्रिया सञ्चालन र जनताका सुझावका आधारमा आगामी कार्यदिशा तय गर्ने कार्यक्रम पनि अभियानमा समेटिएको छ । बाढीपहिरोलगायत विपत्बाट प्रभावित नागरिकको अवस्था पहिचान, राहत तथा पुनःस्थापनाका लागि पहल गर्ने योजना पनि पार्टीले अघि सारेको छ ।

कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य महेश्वर गहतराज 'अथक', जिल्ला संयोजक दीपक जीएम, प्रदेश अध्यक्ष अब्दुललगायत केन्द्रीय तथा प्रदेश तहका नेता र कार्यकर्ताको सहभागिता थियो । जिल्ला संयोजक जीएमको अध्यक्षतामा सम्पन्न कार्यक्रमसँगै सुरु भएको अभियान मंसिर २५ गतेसम्म सञ्चालन हुने पार्टीले जनाएको छ ।

बैंकर थपलियाको 'फूलै फुल्यो गुराँस' सार्वजनिक

मिसन संवाददाता
चितवन, ९ कात्तिक

बैंकिङ क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै कला, संगीत र सौन्दर्य प्रतियोगिताको क्षेत्रमा समेत आफ्नो पहिचान बनाएकी लक्ष्मी थपलियाको स्वरमा नयाँ प्रेमिल गीत 'फूलै फुल्यो गुराँस' सार्वजनिक भएको छ । बैंकिङ पेसासँगै सांगीतिक सिर्जना र मनोरञ्जन क्षेत्रप्रति रुचि राख्ने थपलियाले आफ्नो आधिकारिक युट्युब च्यानलमार्फत गीत सार्वजनिक गरेकी हुन् ।

तत्कालीन मेगा बैंक नेपाल लिमिटेड र हालको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडमा लामो समयदेखि कार्यरत थपलिया पेसागत जिम्मेवारीसँगै कला र मनोरञ्जन क्षेत्रका गतिविधिमा पनि सक्रिय रहँदै आएकी छन् । उनले आधा दर्जनभन्दा बढी सौन्दर्य प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेकी छन् । बैंकिङ, संगीत र सौन्दर्य प्रतियोगिताजस्ता फरक क्षेत्रसँग जोडिएर अघि बढेकी थपलियाको पछिल्लो सांगीतिक प्रस्तुति 'फूलै फुल्यो गुराँस'ले उनको बहुआयामिक रुचि र



सिर्जनात्मक यात्रालाई थप उजागर गरेको छ ।

गीतमा विपिन आचार्यको शब्द तथा संगीत रहेको छ । गीतको एरेन्जमेन्ट, मिक्सिङ र मास्टरिङको जिम्मेवारीसमेत आचार्यले नै सम्हालेका छन् । एमबी म्युजिक रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको गीतको भिडिओ निर्देशन पनि आचार्यले नै गरेका हुन् ।

प्रेम, आत्मीयता र मायापिरतीका भाव समेटिएको गीतले जीवनलाई सकारात्मक दृष्टिकोणका साथ जिउनुपर्ने सन्देश दिएको छ । सीमित समयको जीवनमा अनावश्यक पीर, चिन्ता र तनावमा अल्झिनुभन्दा हाँसेर, रमाएर र खुसीका साथ जीवन बिताउनुपर्ने भाव गीतमा प्रस्तुत गरिएको छ ।

जीवनका सुखद क्षणलाई आत्मसात् गर्दै प्रेम र खुसीलाई महत्त्व दिन प्रेरित गर्ने गीतका शब्द तथा संगीतले श्रोतामाझ सकारात्मक भाव सञ्चार गर्ने अपेक्षा गरिएको छ । प्रेमिल अनुभूति र जीवनप्रतिको आशावादी दृष्टिकोणलाई सांगीतिक माध्यमबाट प्रस्तुत गरिएको यस गीतले दर्शक तथा श्रोताको मन जित्ने निर्माण पक्षको विश्वास छ ।

गीतको भिडिओमा गायिका थपलिया स्वयंले अभिनय गरेकी छन् । भिडिओको छायांकनमा दिपेन बस्न्यात, दुर्गा पौडेल र विजय रुम्बा रहेका छन् ।

बैंकिङ क्षेत्रको व्यावसायिक यात्रालाई निरन्तरता दिँदै संगीत र सौन्दर्य प्रतियोगिताको क्षेत्रमा समेत सक्रिय थपलियाको यो सांगीतिक प्रस्तुति उनको सिर्जनात्मक यात्राको अर्को महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ । पेसागत जीवन र व्यक्तिगत सिर्जनशीलतालाई सँगसँगै अघि बढाएकी थपलियाको 'फूलै फुल्यो गुराँस'ले प्रेम र खुसीको सन्देश प्रवाह गर्दै संगीतप्रेमीमाझ आफ्नो स्थान बनाउने अपेक्षा गरिएको छ ।

पहिलो पृष्ठको बाँकी

लुम्बिनीको...

२४ रन बनाउँदा पहिलो विकेट गुमाएको सुदूरपश्चिमले ३४ रन पुग्दा चार विकेट गुमाइसकेको थियो । सैफ अली जैबले १३ रन बनाए भने ब्रान्डन म्याकमुलेन दुई र इशान पाण्डे सात रनमा आउट भए । त्यसपछि पनि विकेट पतन रोकिएन ।

शेर्फन रदरफोर्ड एक रनमा आउट भए भने स्कट कुगेलाइन र हेमन्त धामीले खाता खोल्न सकेनन् । अनिल खरेल सात रनमा आउट हुँदा अभिनास बोहरा अविजित रहे । सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक २७ रन बनाए । उनले २३ बलको सामना गरे । तर, कप्तानको व्यक्तिगत प्रदर्शनले मात्र टोलीलाई प्रतिस्पर्धात्मक स्कोरसम्म पुर्‍याउन सकेन । सैफ अली जैबको १३ रनबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङमा...

'सुदूरपश्चिममाथिको जित लुम्बिनीका लागि अंकतालिकामा सुखद सुरुवात हो, यसले उपाधि रक्षाको यात्रामा आत्मविश्वास पनि बढाउने अवसर बनेको छ,' उनले भने, 'तर, लामो प्रतियोगितामा आफ्नो लय कायम राख्नु र बलियो प्रतिस्पर्धाबीच निरन्तर उत्कृष्ट प्रदर्शन गर्नु नै साविक विजेताका लागि वास्तविक चुनौती पनि छ ।'

नेपाल प्रिमियर लिगको तेस्रो संस्करण प्रधानमन्त्री बालेन शाहले उद्घाटन गरेका हुन् । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सोमबार प्रधानमन्त्री शाहले मैदानमा पुगेर अम्पायरलाई बल हस्तान्तरण गरेसँगै प्रतियोगिताको औपचारिक उद्घाटन भएको हो ।

नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा भइरहेको प्रतियोगितामा आठ टोली सहभागी छन् । लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्ससँगै विराटनगर किङ्स, चितवन राइनोज, कर्णाली याक्स, जनकपुर बोल्ट्स, पोखरा एभेन्जर्स र काठमाडौं गोर्खाजले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । लिग चरणमा आठवटै टोलीले एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिता मंसिर ५ गतेसम्म सञ्चालन हुने तालिका छ ।

एनपीएलबाट...

एक करोड ५० लाख रूपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले ८० लाख रूपैयाँ पाउनेछ । तेस्रो हुने टोलीलाई ४० लाख र चौथो हुने टोलीलाई ३० लाख रूपैयाँ पुरस्कार प्रदान गरिनेछ । यसअघिका पहिलो र दोस्रो संस्करणका विजेताले एक-एक करोड रूपैयाँ प्राप्त गरेका थिए ।

सराय...

पुस्तालाई आफ्नो इतिहास, धर्म, संस्कृति र परम्पराबारे बुझ्ने अवसर प्रदान गर्छन् ।

त्यसैले सराय नाच तथा खड्गजात्राको संरक्षण गर्नु भनेको एउटा नाच वा जात्रालाई निरन्तरता दिनु मात्र नभई समाजको सांस्कृतिक पहिचानलाई जीवन्त राख्नु पनि हो । स्थानीयको उत्साहपूर्ण सहभागिता, पञ्चेबाजाको गुञ्जन र हातमा खुँडा लिएर गरिने परम्परागत प्रदर्शनले सराय नाच तथा खड्गजात्राको छुट्टै आकर्षण थपेको थियो । यस्ता कार्यक्रमले स्थानीय समुदायबीच आपसी सद्भाव र एकता बढाउनुका साथै धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्त्व उजागर गर्न सहयोग पुर्‍याउँछन् ।

लमहीमा निकालिएको सराय नाच तथा खड्गजात्राले मौलिक संस्कृतिको संरक्षण र पुस्तान्तरणको सन्देश दिएको छ । स्थानीय कला, संस्कृति र परम्परालाई आगामी पुस्तासम्म जीवित राख्न समुदाय, स्थानीय तह तथा सम्बन्धित संघसंस्थाको सक्रियता आवश्यक देखिन्छ । मौलिक संस्कृतिको संरक्षण आजको आवश्यकता हो । पुर्स्तौँदेखि चल्दै आएका यस्ता परम्परालाई जोगाउँदै नयाँ पुस्तामा हस्तान्तरण गर्न सके मात्रै हाम्रो सांस्कृतिक पहिचान भावी पुस्तासम्म सुरक्षित रहन सक्छ ।

संस्कृति जोगाउनु हाम्रो दायित्व हो : अध्यक्ष पाण्डे

कालिका भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हिमन्तप्रसाद पाण्डेले सराय नाच तथा खड्गजात्रा धार्मिक आस्थासँगै स्थानीय मौलिक कला, संस्कृति र परम्पराको पहिचान भएको बताए । उनका अनुसार यस्ता परम्परागत सांस्कृतिक गतिविधिले समाजलाई आफ्नो इतिहास, मौलिकता र सांस्कृतिक जरोसँग जोड्ने काम गर्छन् । पुर्स्तौँदेखि चलिआएका यस्ता परम्पराको संरक्षण गर्नु आजको पुस्ताको दायित्व भएको उनको भनाइ छ ।

'सराय नाच तथा खड्गजात्रा हाम्रो धार्मिक आस्था, मौलिक कला, संस्कृति र परम्परासँग जोडिएको महत्त्वपूर्ण सांस्कृतिक धरोहर हो । यस्ता परम्पराले हाम्रो पहिचानलाई जीवन्त राख्नुका साथै नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र इतिहासबारे बुझ्ने अवसर प्रदान गर्छन् । त्यसैले यस्ता सांस्कृतिक परम्पराको संरक्षण र प्रवर्द्धनमा सबैले चासो दिन आवश्यक छ,' अध्यक्ष पाण्डेले भने । उनले संस्कृति संरक्षणको जिम्मेवारी कुनै एक व्यक्ति वा संस्थाको मात्र नभई समग्र समुदायको साझा दायित्व भएको उल्लेख गरे । स्थानीयस्तरमा मनाइने यस्ता सांस्कृतिक पर्व तथा गतिविधिलाई निरन्तरता दिन सके मात्रै भावी पुस्ताले आफ्नो मौलिक पहिचान बुझ्न र त्यसलाई आत्मसात् गर्न सक्ने उनको धारणा छ ।

'हामीले आफ्नो संस्कृति र परम्परालाई केवल पर्वका दिन सम्झिएर मात्र हुँदैन । यसको महत्व नयाँ पुस्तालाई बुझाउनुपर्छ । हाम्रा पुर्खाले जोगाउँदै ल्याएका परम्परालाई हामीले पनि संरक्षण गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्न सक्नुपर्छ । यदि आज हामीले यसको संरक्षणमा ध्यान दिएनौँ भने भोलिका पुस्ताले आफ्नै मौलिक संस्कृति र परम्पराबारे जानकारी पाउन कठिन हुन सक्छ,' उनले भने ।

अध्यक्ष पाण्डेका अनुसार सराय नाच तथा खड्गजात्रालाई निरन्तरता दिन स्थानीय समुदाय, सामाजिक संघसंस्था र युवापुस्ताको सक्रिय सहभागिता आवश्यक छ । यस्ता कार्यक्रमले पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको उत्साहलाई एकै ठाउँमा जोड्ने काम गर्ने उहाँको विश्वास छ । उनले परम्परागत संस्कृति संरक्षणका लागि नयाँ पुस्तालाई प्रत्यक्ष सहभागी गराउनु आवश्यक रहेको बताउँदै विद्यालय, सामाजिक संघसंस्था र स्थानीय समुदायले पनि यस्ता गतिविधिमा चासो दिनुपर्ने धारणा व्यक्त गरे ।

पुस्तान्तरणसँगै संस्कृति संरक्षणको सन्देश

समय परिवर्तनसँगै मानिसको जीवनशैली, रुचि र सामाजिक गतिविधिमा पनि परिवर्तन आइरहेको छ । आधुनिक प्रविधि र नयाँ पुस्ताको बदलिँदो जीवनशैलीका बीच पुराना कला, संस्कृति र परम्परालाई जीवन्त राख्नु चुनौतीपूर्ण बन्दै गएको छ । यस्तो अवस्थामा सराय नाच तथा खड्गजात्राजस्ता परम्परागत सांस्कृतिक गतिविधिको निरन्तरताले विशेष महत्व राख्छ । यस्ता पर्वले मनोरञ्जन प्रदान गर्नुका साथै समुदायको मौलिक पहिचान, धार्मिक विश्वास र ऐतिहासिक परम्परालाई नयाँ पुस्तासम्म पुर्‍याउन सहयोग गर्छन् । बाजागाजाको ताल, खड्ग प्रदर्शन र सामूहिक सहभागितामार्फत प्रस्तुत गरिने सांस्कृतिक गतिविधिले स्थानीय समुदायमा अपनत्व र सांस्कृतिक गौरवको भावना विकास गर्नसमेत मद्दत पुर्‍याउँछन् ।

लमहीमा आयोजित सराय नाच तथा खड्गजात्रामा स्थानीयको उत्साहपूर्ण सहभागिताले पनि आफ्नो मौलिक संस्कृति र परम्पराप्रति समुदायको चासो झल्काएको छ । यस्ता कार्यक्रमलाई निरन्तरता दिन सके स्थानीयस्तरमा सांस्कृतिक सम्पदाको संरक्षण हुनुका साथै भावी पुस्तालाई आफ्नो मौलिक पहिचानप्रति सचेत बनाउन सकिने अपेक्षा गरिएको छ । संस्कृति संरक्षण भनेको पुराना परम्परालाई जस्ताको तस्तै दोहोर्‍याउनु मात्र नभएर तिनको महत्त्व बुझ्नु, नयाँ पुस्तालाई त्यसबारे जानकारी दिनु र समुदायको साझा सम्पत्तिका रूपमा जोगाउनु पनि हो । यस अर्थमा सराय नाच तथा खड्गजात्रा धार्मिक आस्था र सांस्कृतिक पहिचानलाई जोड्ने महत्त्वपूर्ण माध्यम बनेको छ ।

KUWAIT मा रोजगार पुर्व स्वीकृती मितिः २०८३/७/९ चलानी नं.: ६०२६२७९३ LT No.: 349712

Techno Door Company Wholesales Industrial Metal Ceilings, Doors, Windows, And Metal Products

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Helper (Indoor)	32	0	काममा दक्ष	90	४४,०००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैंले	रु. ७,००।- कामदार आफैंले	निःशुल्क

अन्तरवार्ता २०८३ कार्तिक १७ गते (3 Nov., 2026) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

DHR डेष्टिनि ह्यूमेन् रिसोर्स नेपाल प्रा. लि.
श्रम ईजाजत नः ७८९/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाडौं, फोन.: ०१-५१०४६३२, ५१०४६३४, E-mail: humandestiny53@gmail.com

U A E मा रोजगारको अवसर **Arabia Taxi Transportation LLC, Abu Dhabi, UAE**

पूर्व स्वीकृती मितिः २०८३/५/२३ LT. No.: 347716 चलानी नं.:६०२६०८५२

सि नं	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Taxi Driver	200	00	सम्बन्धित काममा दक्ष	1500	६१,८१५	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	[illegible]

स्वदेशमा गरिने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	बिदेशमा गरिने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र प्रिमियम कसले दिने	कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा स्ट्याम्पी शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क कति लाग्ने कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु २५९६ कामदारले	रोजगारदाताले	रु २१०० कामदारले	रु १५०० कामदारले	निःशुल्क

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

अन्तरवार्ताः काठमाण्डौ महानगर पालिकामा रहेको म्यानपावरको कार्यालयमा २०८३ कार्तिक १७ (3 November, 2026) गते हुनेछ ।

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
श्रम ईजाजत नं. २६१/०५८/०५९
Tel.: 4541707 (6 Line), Contact Person: Samit Pradhan 9705413585, www.shikharmanpower.com.np

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी स्वेच्छिक दर्ता खारेजी गरीएको सूचना

यस कार्यालयमा मिति २०६८-१०-१७ मा दर्ता भएको प्रा.लि.नं.९०१९० को एनालाइटिकल इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८३-०३-३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर कार्यालयको हकदाबी सम्बन्धित ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति साँवरिया ग्लोबल ट्राभल्स एण्ड प्याकेज टुर्स मा प्रा.ली. नं १२७८२० मा दर्ता भएको ह्याप्पी रीड प्रा.ली को मिति२०८३।७८ मा सम्पन्न बिषेश साधारण सभाको निर्णयले कम्पनि ऐन २०६३ को दफा १२६ बमोजि स्वेच्छिक लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोहिकसैलाई किसिमको लेनदेन बाँकि बक्यौता रहेको भए को यो सुचना प्रकाशीत गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरकोमा हक दावि गर्न सम्बन्धीत सबैको लागि यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर : विशेश्वर प्रसाद ढकाल
इजाजत पत्र न. ६१४
ववरमहल काठमाण्डौ (९८५१०९९२७७)

लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी तथा सर्जिकल सामग्रीहरू खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३/०७/१०

आ.व. २०८३/०८४ मा यस कार्यालयको लागि आवश्यक विभिन्न आधारभूत तथा अत्यावश्यक औषधी तथा सर्जिकल सामग्रीहरू बोलपत्र आव्हान गरी खरिद गर्नुपर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरूको अधीनमा रहि बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र दर्ता गर्न इच्छुक फर्म वा कम्पनीले आफ्नो कम्पनी/फर्मको चालु आ.व. २०८३/०८४ मा नवीकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरूका साथका कृषि विकास बैक लुम्बिनीमा रहेको आन्तरिक राजश्व खाता नं. ग ११, ०४१४९०११४६११००७९ मा रु. ३,०००।०० नगदै जम्मा गरेको बैंक भौचर सहित बोलपत्र फाराम नगरपालिकाको स्वास्थ्य शाखा मार्फत मिति २०८३/०७/२७ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। साथै मिति २०८३/०७/३० गते १२ बजेभित्र बोलपत्र दर्ता गर्न सकिनेछ। यसरी दर्ता हुने बोलपत्रहरू मिति २०८३/०७/३० गते दिनको २:०० बजे लुम्बिनी साँस्कृतिक नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा खोलिनेछ।

२. बोलपत्र खरिद कर्ताले धरौटी बापत तोकिएको रकम यस कार्यालयको, लुम्बिनीको कृषि विकास बैंक, लुम्बिनी शाखामा रहेको धरौटी खाता नं. ०४१४९०११४६११०१३३, ग-३ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको १२० दिनसम्म म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्ने छ।

३. बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

४. प्रचलित नियमानुसार रीत नपुगेको र म्याद नाघी आएको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।

५. दर्ता भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

६. एक आपसमा मिलिमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्वीकार गरिने छैन।

७. बोलपत्रमा आईटम वाइज, दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बिचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ। भ्याट लाग्ने औषधी र सर्जिकल समाग्रीहरूको भ्याट समेत खुलाई कबोल गर्नुपर्नेछ।

८. बोलपत्रका साथमा WHO/GMP Certificate प्राप्त कम्पनीहरूबाट उत्पादित औषधीहरू मात्र उपलब्ध गराउनुपर्नेछ। साथै औषधी व्यवस्था विभागबाट प्राप्त उत्पादन अनुज्ञापत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। विदेशी औषधिहरूको हकमा विश्व स्वास्थ्य संगठनबाट कुशल उत्पादन प्रकृया कागजको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

९. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणापत्र बोलपत्र साथ पेश गर्नु पर्ने छ।

१०. उत्पादक वा अधिकृत वितरकबाट औषधि आपुर्ति गर्न मञ्जुरीपत्र लिएको हुनु पर्नेछ। साथै त्यस्ता वितरकको अधिकारपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

११. सप्लाई हुने औषधीको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry मिति, व्याच नम्बर तथा नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ।

१२. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

१३. औषधी उपलब्ध गराउदा औषधीको Expiry म्याद कम्तिमा १८ महिना अथवा ७५ प्रतिशतभन्दा बढी म्याद वाँकी रहेको उपलब्ध हुनुपर्नेछ।

१४. यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (शंशोधन सहित)तथा प्रचलित ऐन कानुन अनुसार हुनेछ।

१५. बोलपत्र आईटम वाईज मूल्यांकन नगरी एकमुष्ठ आधारमा गरिने छ।

क्र. सं.	ठेक्का नं.	कामको विवरण	दरभाउ दस्तुर (फिर्ता नहुने गरी)	जमानत रकम	कुल रकम (भ्याट समेत)
१	LCM – NCB – Good – ०१-२०८३/०८४	आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी तथा सर्जिकल सामग्रीहरू खरिद	रु. ३,०००।००	रु. ८५,०००।००	रु. ३३७८०३६

प्रमुख प्रशाकीय अधिकृत

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर सङ्कलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला खयर र अन्य कु काठ समेतको आ.व २०८३/८४ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले आय सङ्कलनको ठेक्का कबोल गर्न इच्छुक व्यक्ति वा फर्महरूबाट आवश्यक कागजात सङ्लग्न राखी तपसिल बमोजिमको सर्तहरूको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र खरिद तथा पेस गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी फर्महरूको लागि आ.व.२०८३/८४ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०८२/८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप तथा व्यक्तीको लागि नागरिकता तथा पान नम्वर प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरू संलग्न राखी इच्छुक दरभाउपत्रदाताले लिखित निवेदन दिई यस कार्यालयको सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंक हि.नं. ३०५०१००३०१०१०००२ खातामा रु १०००।-को नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित मिति २०८३/७/१६ गते यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको दरभाउपत्र फारामहरूमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरू प्रष्टसँग लेखि मिति २०८३/७/१७ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।दर्ता भएका दरभाउपत्रहरू उपस्थित दरभाउपत्रदाता एवं प्रतिनिधिहरूको रोहवरमा यसै कार्यालयमा मिति २०८३/७/१७ गते दिनको १:०० बजे खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ धरौटी वापतको रकम यस कार्यालयको सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंक ३०५०१००३०३००००००२ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड दरभाउपत्रमा कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम वरावरको दाखिला गर्ने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कल प्रति पेस गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरू यसै बमोजिम र उल्लेख नभएका शर्तहरू प्रचलित कानून बमोजिम हुनेछ।साथै दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। न्युनतम अङ्क भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा सर्त राखी पेस गरेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

६. थप जानकारीको लागि जततउः//sandhikharkamun.gov.np/ मा वा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ। (राजश्व शाखा प्रमुख-सम्पर्क नम्वर ९८५७०२९५९९)

७. ठेक्का नं., विवरण र आधार मुल्य रकमको विवरण तपसिल बमोजिम छ।

तपसिल

ठेक्का नं.	विवरण	आधार मुल्य (मुल्य अभिवृद्धि कर बाहेक)
आय ठेक्का नं राजश्व १/ २०८३/८४	नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत	१०,००,०००/- (दश लाख)

प्रमुख प्रशासकीय अधिकृत

संरक्षणको अभावमा जीर्ण बन्दै अछामको बिमकोट दरबार

मिसन संवाददाता
अछाम, ९ कात्तिक



अछामको मेल्लेख गाउँपालिका-५ को ऐतिहासिक बिमकोट दरबार संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ। दरबार संरक्षण र संग्रहालय निर्माण हुने आशामा परिवारले गाउँपालिकालाई निःशुल्क हस्तान्तरण गरेको दुई वर्ष बितिसक्दा पनि पर्खाल लगाउनेबाहेक ठोस काम अघि बढेको छैन।

ढुंगा, माटो र काठबाट बनेको ४५ कोठे यो दरबारका पुराना स्लेट र छाना जीर्ण भएका छन्। वर्षायाममा पानी चुहिने गरेको छ भने भित्री भागका काठ कुहिन थालेका छन्। ऋषिदहबाट बोकेर ल्याइएका बुट्टेदार ढुंगाबाट बनाइएका पर्खालसमेत कमजोर बन्दै गएका छन्।

नेपाल एकीकरण हुनुअघि मध्यकालीन समयमा अछाम विभिन्न रजौटा तथा कोटमा विभाजित थियो। अछाम राज्यका संस्थापक राजा देवचन्द्र समाल (शाह) का २८ पुस्तापछिका सन्तान श्रुति ब्रह्ममका पालामा मूल अछाम राज्य भाइहरूबीच बाँडफाँट भएको थियो। जेठा भाइले बिमकोटबाट र कान्छा भाइले मंगलसेनबाट राज्य सञ्चालन गर्न थालेपछि बिमकोट छुट्टै शक्तिकेन्द्रका रूपमा स्थापित भएको थियो। तत्कालीन अछाम राज्यका नौ खुवा (इलाका)मध्ये बिमकोट एक प्रमुख खुवा थियो।

सुरुवाती समयमा चौधौँ शताब्दी आसपास डाँडाको टुप्पोमा पुरानो बिमकोट दरबार निर्माण गरिएको थियो। भौगोलिक रूपमा पहिरोको उच्च जोखिममा परेपछि कालान्तरमा दरबारलाई अलि तल आँगनको पिपलको बोट नजिक सारिएको थियो।

१९९० सालको महाभूकम्पले उक्त संरचनामा समेत क्षति पुऱ्याएपछि डाँडाको फेदीमा रहेको हालको सुरक्षित ठाउँमा नयाँ दरबार निर्माणको जग हालिएको थियो।

२०२२ सालमा तत्कालीन राजा लोकेन्द्रबहादुर शाहको निधन भएपछि उनका भाइ नृपबहादुर शाहले दरबार निर्माणको कामलाई तीव्रता दिएका थिए। स्थानीय जानकार नारायणप्रसाद उपाध्यायका अनुसार दरबार निर्माणमा प्रयोग गरिएका विशेष बुट्टेदार ढुंगा निकै टाढाको ऋषिदह क्षेत्रबाट बोकेर ल्याइएको थियो।

तत्कालीन नौवटा पञ्चायतका बासिन्दाको वर्षौंको श्रमदान, स्थानीय कालीगढको काष्ठकला र राजपरिवारको लगानीमा १३ वर्ष लगाएर २०३६ सालमा दरबार निर्माण पूरा भएको थियो। ४५ कोठा र ५० भन्दा बढी काष्ठकलायुक्त झ्याल-ढोका रहेको यो दरबार पहाडी वास्तुकलाको नमुना मानिन्छ।

पञ्चायतकालपछि राजाको राजकीय अधिकार समाप्त भए पनि बिमकोट राजपरिवारका तीनै भाइका संयुक्त परिवार २०५० को दशकको अन्त्यसम्म यही दरबारमा बस्दै आएका थिए। तर, सशस्त्र द्वन्द्वले दरबारको रौनक खोस्यो। २०५८ सालमा तत्कालीन विद्रोही नेकपा माओवादीले दरबारमा आक्रमण गरेपछि त्यहाँ रहेका बाइसे राज्यकालीन ऐतिहासिक दस्तावेज, ताम्रपत्र, लालमोहर, पुराना हतियार र अन्य परम्परागत सामग्री लुटिए तथा नष्ट भए।

आक्रमणपछि उत्पन्न असुरक्षाका कारण जनकबहादुर शाहको परिवार थातथलो र पुर्ख्यौंली दरबार छाडेर विस्थापित भयो। त्यसयता लामो समय दरबार सुनसान र रेखदेखविहीन बन्यो। परिवार विस्थापित भएको साढे दुई दशक बितिसक्दा पनि जनकबहादुर भने हरेक बडादशैँमा बिमकोट पुगेर पुर्ख्यौंली कूलपूजा गर्दै आएका छन्। दशैंका केही दिन चहलपहल हुने दरबार वर्षका बाँकी दिनमा भने सुनसान रहन्छ।

व्यक्तिगत प्रयासबाट मात्रै यति ठूलो ऐतिहासिक संरचना जोगाउन नसकिने निष्कर्षमा पुगेपछि जनकबहादुर शाहले २०८० फागुन २ गते बिमकोट दरबार र त्यससँग जोडिएको ६ रोपनी ८ आना जग्गा मेल्लेख गाउँपालिकालाई निःशुल्क हस्तान्तरण गरे। त्यसपछि दरबार पुनर्निर्माण हुने, बाइसे राज्यकालीन इतिहास झल्किने संग्रहालय बन्ने र बिमकोट पर्यटकीय गन्तव्यका रूपमा विकास हुने स्थानीयको आशा थियो।

'यो हाम्रो परिवारको मात्र नभई सिंगो अछामको बाइसे राज्यकालीन इतिहासको जीवित दस्तावेज हो। २०५८ को आक्रमणपछि हामी विस्थापित भयौं, हाम्रा ऐतिहासिक कागजात र हतियार सबै नष्ट भए,' दरबार हस्तान्तरण गर्नुको उद्देश्यबारे जनकबहादुर शाह भन्छन्, 'व्यक्तिगत सम्पत्तिका रूपमा राखेर हामीले मात्रै यति ठूलो संरचना जोगाउन सम्भव थिएन। भोलि यो पूर्ण रूपमा भत्किएर नामेट नहोस् र यसलाई सरकारले अपनत्व लिएर ऐतिहासिक संग्रहालय बनाओस् भनेर नै हामीले गाउँपालिकालाई निःशुल्क दिएका हौं।'

तर गाउँपालिकाको नाममा लालपुर्जा आए पनि दरबार संरक्षण र संग्रहालय निर्माणको योजना अझै अलमलमै छ। गाउँपालिकाले स्वामित्व लिएपछि अहिलेसम्म दरबार क्षेत्रको चारैतिर घेरपर्खाल लगाउनेबाहेक मूल दरबारको जीर्णोद्धारमा प्रभावकारी काम गर्न सकेको छैन।

मेल्लेख गाउँपालिकाका उपाध्यक्ष नृपबहादुर खड्काले संग्रहालय बनाउने लक्ष्यसहित स्वामित्व लिइए पनि सोचेअनुरूप मर्मतको काम अघि बढ्न नसकेको बताए।

स्थानीय नारायणप्रसाद उपाध्यायका अनुसार पुरातत्व विभागबाट टोली पटक-पटक अनुगमनका लागि आए पनि संरक्षणको काम अघि बढेको छैन। 'पुरातत्व विभागका प्रतिनिधिहरू आउँछन्, दरबार हेर्छन्, नापजाँच गरेर फर्कन्छन्। उनीहरूको अनुगमन आउने र फर्कने औपचारिकतामा मात्रै सीमित भयो। गाउँपालिकाले पनि स्वामित्व त लियो तर जोगाउन कुनै गम्भीरता देखाएन।'

बडिकेदारकी पूर्वउपाध्यक्ष इन्द्राको फेरियो परिचय

मिसन संवाददाता
धनगढी, ९ कात्तिक



पाँच वर्ष गाउँपालिकाको उपाध्यक्ष भएर जनताको सेवा गरेकी डोटीको बडीकेदारकी इन्द्रा बोहराको अहिलेको दैनिकी तरकारीको कारोबारमा बित्छ। बिहान ४ बजे धनगढीको सहिदगेट हाटबजार पुग्ने उनी पहाडका किसानले उत्पादन गरेका तरकारी र कृषि उपज बिक्री गर्न व्यस्त हुन्छिन्। कुनै समय जनप्रतिनिधिका रूपमा गाउँको विकासमा सक्रिय इन्द्रा अहिले पहाडको उत्पादनलाई तराईको बजारसँग जोड्ने व्यवसायी बनेकी छन्।

धनगढीको सहिदगेट हाटबजारमा रहेको उनको 'इन्द्रा जनरल स्टोर एन्ड कृषि उपज संकलन केन्द्र'मा बडीकेदारसहित पहाडी क्षेत्रका विभिन्न उत्पादन पाइन्छन्। ४० वर्षीया इन्द्राका लागि यो व्यवसाय भने नयाँ होइन। राजनीतिमा प्रवेश गर्नुअघि नै उनी तरकारी खेती, संकलन र बिक्रीमा संलग्न थिइन्।

२०७४ सालमा नेपाली काँग्रेसबाट बडीकेदार गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित हुनुअघि उनी गाउँमा उत्पादित तरकारी संकलन गरेर भाडाको गाडीमा धनगढी ल्याउँथिन्। त्रिनगर हाटबजारसहित विभिन्न बजारमा पुगेर बिक्री गर्थिन्। जनप्रतिनिधि बनेपछि उनको अधिकांश समय पालिकाको काममा बित्यो। तर, धनगढी आउजाउ गर्दा कृषि उपज ल्याएर बेच्ने क्रम भने पूर्ण रूपमा रोकिएन।

२०७९ सालमा उपाध्यक्षको कार्यकाल सकिएपछि उनी फेरि व्यवसायमै फर्किइन्। पहिले आफैं तरकारी उत्पादन गर्ने इन्द्राले अहिले पहाडी किसानका उत्पादन संकलन गरेर धनगढीमा बिक्री गर्छिन्। कुनै समय थोक व्यापारबाट मासिक १० लाख रूपैयाँसम्मको कारोबार गर्ने उनी अहिले खुद्रा व्यापार गर्छिन्। यसबाट मासिक करिब दुई लाख रूपैयाँसम्म आम्दानी हुने उनी बताउँछिन्।

इन्द्राको व्यवसाय आम्दानीमा मात्र सीमित छैन। कृषि उपज संकलनदेखि बिक्री वितरणसम्मको काममा उनले १५ जनालाई रोजगारी दिएकी छन्। पहाडमा उत्पादन हुने तरकारीले बजार पाउने वातावरण बनाउनु र किसानको उत्पादन उपभोक्तासम्म पुऱ्याउनु उनको व्यवसायको मुख्य उद्देश्य बनेको छ। यस काममा उनका छोरा पनि सघाउँछन्। बडीकेदारका विभिन्न गाउँबाट काँक्रा, केरा, लसुन, धनियाँ र हरियो सागलगायतका कृषि उपज संकलन गरेर उनी धनगढी ल्याउँछिन्। चुरे क्षेत्रको लोकल केरा र काँक्राको माग बढी रहेको उनको अनुभव छ। तरकारीसँगै बासमती, मार्सी र स्थानीय पहाडी चामल किन्नसमेत उपभोक्ता उनको पसलमा पुग्छन्।

'पहाडको उत्पादनसँग तराईका उपभोक्ता अर्गानिक भएकै कारण मात्र होइन, भावनात्मक रूपमा पनि जोडिएका छन्,' बोहरा भन्छिन्, 'वर्षायाममा पहाडबाट तरकारी आउन कम भयो भने धनगढीको माग धान्न गाह्रो हुन्छ। त्यसले बजारमा मूल्यसमेत बढाउँछ।'

विगतमा बडीकेदारका किसानले उत्पादन गरेको तरकारी बिक्री गर्न सहज बजार पाउँदैनथे। उत्पादन गाउँमै खेर जाने वा उचित मूल्य नपाउने समस्या थियो। अहिले संकलनकर्तामार्फत बजारसम्म पहुँच बढ्न थालेपछि किसानलाई उत्पादन बिक्री गर्न सहज भएको इन्द्रा बताउँछिन्। उनको व्यवसायले किसानको खेतबारी र धनगढीका उपभोक्ताबीच सम्बन्ध स्थापित गरेको छ। तर पहाडी क्षेत्रमा कृषि उत्पादन बढाउन र बजारसम्म पुऱ्याउन अझै धेरै समस्या छन्। सिँचाइको अभाव, पानीका मुहान सुक्दै जानु, सडकको सहज पहुँच नहुनु र भण्डारण सुविधा नहुँदा किसानले चुनौती खेप्नुपरेको उनी बताउँछिन्। अर्गानिक तरकारी छिटो कुहिने भएकाले बडीकेदारमा शीतभण्डार आवश्यक रहेको उनको भनाइ छ।

बोहराका अनुसार बडीकेदारको कृषि क्षेत्र अहिले मुख्यतः महिलाको श्रममा टिकेको छ। पुरुषहरू रोजगारीका लागि भारत तथा तेस्रो मुलुक जाने क्रम बढेपछि महिलाहरूले खेतीपातीदेखि कृषि उपजको बिक्रीसम्मको जिम्मेवारी सम्हालिरहेका छन्। उनी आफैं पनि कृषि उत्पादन, बजार व्यवस्थापन र व्यवसाय सञ्चालनमा सक्रिय महिलाको उदाहरण हुन्।

कृषक पृष्ठभूमिबाटै जनप्रतिनिधि बनेकी इन्द्राले उपाध्यक्ष हुँदा पनि कृषि क्षेत्रलाई प्राथमिकता दिएको बताउँछिन्। आफ्नो कार्यकालमा किसानलाई बीउ, मल र तालिम उपलब्ध गराउने, संकलन केन्द्र निर्माण गर्ने तथा व्यावसायिक खेतीमा आकर्षित गर्न पुरस्कारको व्यवस्था गर्नेजस्ता काम गरिएको उनको भनाइ छ।

जनप्रतिनिधिको जिम्मेवारीबाट बाहिरिएपछि पनि उनले कृषि क्षेत्रसँगको सम्बन्ध तोडेकी छैनन्। बरु व्यवसायमार्फत किसानको उत्पादनलाई बजारसम्म पुऱ्याउने कामलाई निरन्तरता दिएकी छन्। राजनीति र व्यवसायलाई फरक भूमिकाका रूपमा हेर्ने उनी आर्थिक आत्मनिर्भरतालाई सामाजिक सेवासँग पनि जोड्छिन्।

'राजनीति पैसा कमाउने ठाउँ होइन, खर्च गर्ने ठाउँ हो। राजनीतिमा लाग्ने मानिस आर्थिक रूपमा पनि मजबुत हुनुपर्छ,' उनी भन्छिन्, 'आफू सक्षम भएपछि समस्यामा परेका अरूलाई आफ्नै खल्तीबाट सहयोग गर्न सकिन्छ। पहाडमा किसानले उत्पादन गर्छन्, तर बजार नपाउँदा मेहनत खेर जान्छ। मैले सकेसम्म त्यो उत्पादन बजारसम्म पुऱ्याइरहेकी छु।'

लिमीमा पुगेन खाद्यान्न अन्य डिपोमा सहज

मिसन संवाददाता
हुम्ला, ९ कात्तिक



जिल्लाको नाम्खा गाउँपालिका-६ स्थित हिमालपारिको लिमीमा एक वर्षदेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ढुवानी अनुदानको खाद्यान्न पुग्न सकेको छैन।

लिमीका तिल, हल्जी र जाङ गाउँका स्थानीय खाद्यान्न अभावको समस्यामा परिरहेका बेला जिल्लाका अन्य डिपो तथा बिक्री केन्द्रबाट भने सहुलियत मूल्यमा खाद्यान्न बिक्री भइरहेको छ। दसैँ-तिहारलाई लक्षित गर्दै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले जिल्लाका विभिन्न शाखा, डिपो तथा बिक्री केन्द्रबाट सहुलियत मूल्यमा खाद्यान्न बिक्री सुरु गरेका छन्।

तर, लिमीका स्थानीयले भने यसको लाभ लिन सकेका छैनन्। भौगोलिक विकटता, हिमपात र सडक अवरुद्ध हुँदा लिमीका लागि छुट्याइएको खाद्यान्न गाउँसम्म पुग्न नसकेको हो। नाम्खा गाउँपालिका-६ का वडाध्यक्ष पाल्जोर तामाङका अनुसार लिमीका लागि ढुवानी अनुदानमा उपलब्ध गराइने खाद्यान्न एक वर्षदेखि पुग्न सकेको छैन। गत साउनमा बिक्री केन्द्रका लागि निर्धारित कोटाको खाद्यान्न ल्याउने प्रयास गरिए पनि सफल हुन नसकेको उनले बताए।

लिमीका लागि छुट्याइएको खाद्यान्न नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङसम्म पुगेको छ। तर, गत असोज १० र ११ गते परेको हिमपातका कारण लिमी प्रवेश गर्ने न्यालु लेकको सडकमा हिउँ जमेकाले ढुवानी रोकिएको हो। सडकमा जमेको हिउँ नपन्छाएसम्म खाद्यान्न गाउँसम्म पुऱ्याउन सम्भव नभएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको हुम्ला शाखाले जनाएको छ।

गत वर्ष असोजमा तीन सय क्विन्टल खाद्यान्न पुगेयता लिमीका स्थानीयले अनुदानको खाद्यान्न पाउन सकेका छैनन्। लिमीको हल्जी गाउँमा खाद्यान्न बिक्री केन्द्र भए पनि त्यहाँ खाद्यान्न नपुग्दा स्थानीय बजार मूल्यअनुसार खाद्यान्नको जोहो गर्न बाध्य भएका छन्। हिमपातले चीनको ताक्लाकोटबाट समेत खाद्यान्न आउन नसकेपछि लिमीका बासिन्दा थप समस्यामा परेका छन्। तिल गाउँमा १८, हल्जीमा ९० र जाङमा तीन घरधुरीको बसोबास रहेको छ।

यता, जिल्लाका अन्य क्षेत्रमा भने चाडपर्वलाई लक्षित गरी सहुलियत मूल्यमा खाद्यान्न बिक्री भइरहेको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको हुम्ला शाखाका प्रमुख कृष्ण थापामगरका अनुसार केन्द्रीय कार्यालयको निर्देशनअनुसार जिल्लाका शाखा, डिपो तथा बिक्री केन्द्रबाट सहुलियत मूल्यमा खाद्यान्न बिक्री सुरु गरिएको हो। मौज्दात पर्याप्त रहेकाले बिदाका दिनमा समेत बिक्री भइरहेको उनले बताए।

कम्पनीले चामलमा प्रतिकिलो पाँच रूपैयाँ सहुलियत दिएको छ। त्यस्तै, चिनी प्रतिकिलो ११० रूपैयाँ, सूर्यमुखी तेल प्रतिलिटर २९७ रूपैयाँ र मुसुरोको दाल प्रतिकिलो १४० रूपैयाँमा बिक्री भइरहेको छ। चिनी, तेल र मुसुरोको दालमा पनि प्रतिकिलो वा प्रतिलिटर पाँच रूपैयाँ छुट दिइएको कम्पनीले जनाएको छ।

कम्पनीको सिमकोटस्थित शाखाको गोदाममा पाँच हजार १८२ क्विन्टल खाद्यान्न, पाँच सय लिटर तेल, २५ क्विन्टल चिनी र पाँच क्विन्टल मुसुरोको दाल मौज्दात छ। त्यस्तै, सर्केगाड डिपोमा २७५ क्विन्टल र श्रीनगर डिपोमा ४२८ दशमलव ७५ क्विन्टल खाद्यान्न मौज्दात रहेको छ। अन्य बिक्री केन्द्रमा पनि खाद्यान्न उपलब्ध रहेको कम्पनीले जनाएको छ।

याङ्चु बिक्री केन्द्रमा दुई सय, पिप्लाडमा दुई सय, याल्वाङमा ३५०, लालीबगरमा एक सय र बारी गाउँ बिक्री केन्द्रमा ५५ क्विन्टल खाद्यान्न मौज्दात रहेको छ। जिल्लाका अन्य पाँच बिक्री केन्द्रमा समेत सुर्खेतबाट पठाइएको एक-एक सय क्विन्टल खाद्यान्न पुगेपछि बिक्री भइरहेको छ।

जिल्लाका अधिकांश डिपो तथा बिक्री केन्द्रमा चाडपर्व लक्षित सहुलियतको खाद्यान्न उपलब्ध भइरहँदा लिमीमा भने ढुवानी समस्याका कारण अनुदानको खाद्यान्न पुग्न सकेको छैन भने स्थानीय उत्पादनमा हिमपातले क्षति पुऱ्याएको छ।

कञ्चनपुर वेल्डाँडीमा बाघ धपाउन हात्ती परिचालन

मिसन संवाददाता
कञ्चनपुर, ९ कात्तिक

कञ्चनपुरको बेल्डाँडी गाउँपालिका-५ इमलिया क्षेत्रमा पाटेबाघ बस्ती नजिकै देखिएपछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले बाघ धपाउन हात्ती परिचालन गरेको छ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका रेञ्जर विक्रम चौधरीले विगत चारपाँच दिनदेखि सो क्षेत्रमा पाटेबाघ देखिएपछि बस्तीमा सतर्कता अपनाउन आग्रह गरिएको बताए।

'लगातार बाघ देखिन थालेपछि हामीले निगरानी बढाउन सो क्षेत्रमा क्यामेरा पनि जडान गरेका थियौं,' रेञ्जर चौधरीले भने, 'क्यामेरामा बाघ देखिएपछि अहिले शुक्लाफाँटाबाट दुई वटा हात्ती त्यहाँ परिचालन गरिएको छ।'

निकुञ्जभित्र रहेको शुक्लाफाँटा पोष्टबाट दुई वटा हात्ती परिचालन गरेर बाघलाई बस्ती छेउबाट जङ्गलतर्फ धपाउने काम भइरहेको चौधरीको भनाइ छ। त्यहाँ हात्तीका साथै बेल्डाडी पोष्टबाट शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना र निकुञ्ज कर्मचारी पनि खटिएका छन्।

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

शिलबन्दि दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०७/१०

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको कार्य शिलबन्दि दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी (Contractors) तथा आपुर्तिकर्ता (Suppliers) हरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको शिलबन्दि दरभाउपत्र आह्वान गरिन्छ।

१. आ.व.२०८३/०८४ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०८३/०८४ का लागि मान्य हुने कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी इच्छुक दरभाउपत्रदाताले लिखित निवेदन दिई नगद रकम रु.१०००।- दाखिला गरी वा ब मिति २०८३/०७/१६ गते कार्यालय समय भित्र शिलबन्दि दरभाउपत्र सम्बन्धी कागजात यस कार्यालयबाट प्राप्त गर्न सकिने छ। उक्त कागजातहरू यस कार्यालयको website: www.bhumikasthanmun.gov.np बाट उल्लेखित समयभित्र Download गर्न समेत सकिने छ।
Information to Deposit BID Document Fee Rs.1000/-
Name of the Bank: Prabhu Bank Ltd. Name of the Office: Bhumikasthan Municipality
Office Code no: 801055101 Office Account no: 2587086986800138
Rajaswa (revenue) Shirshak no 14249

२. शिलबन्दि दरभाउपत्र फाराम पेश गर्दा नियमानुसार ७५ दिन म्याद भएको बैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ। धरौटी रकम नगर जम्मा गर्ने प्रयोजनका लागि निम्नानुसारको बैंक खातामा रकम जम्मा गरी बैंक भौचर पेश गर्न सकिनेछ।
Information to deposit the BID Security Amount in Bank:
Name of the Bank: Prabhu Bank Ltd. Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
Office Code no: 801055101 Office Account no: 2587086986800048
Account Name: Dharouti Account.

३. शिलबन्दि दरभाउपत्र फारामहरूमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरू प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति २०८३/०७/१७ गते दिनको १२।०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका शिलबन्दि दरभाउपत्रहरू सोही दिन दिनको ठिक १।०० बजे खोलिने छ।
४. शिलबन्दि दरभाउपत्र प्राप्त गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।
५. यसमा उल्लेखित सर्तहरू यसै बमोजिम र उल्लेख नभएका शर्तहरू प्रचलित कानून बमोजिम हुनेछ।
६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र ९८५७०६९९८१/९८५७०६९९८३/९८५७०६३३१३/९८६१९९५३७५ मा सम्पर्क गर्न वा bhumikasthanmunicipality@gmail.com र info@bhumikasthanmun.gov.np मा पठाउन सकिनेछ।
७. कामको विवरण खुल्ला दरभाउपत्र प्राप्त गर्ने र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

तपसिल

ठेक्का नं.	ठेक्काको नाम	लागत रकम (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक)	बैंक जमानत रकम रु.	दरभाउपत्र कागजात खरिद दस्तुर रु.	दरभाउ पत्र सम्बन्धी कागजात प्राप्त गर्नुपर्ने अन्तिम मिति र समय	दाखिला गर्ने अन्तिम मिति र समय	शिलबन्दि दर भाउपत्र खोलिने मिति र समय
16/BMA/W/TMP/2083/084	Bhume Mandir Conservation and Infrastructure Construction Works	८६५७१०.७५	२५०००	१०००	२०८३/०७/१६ कार्यालय समय भित्र	२०८३/०७/१७ दिउँसो १२:०० भित्र	२०८३/०७/१७ दिउँसो १:०० बजे
17/BMA/W/DWS/2083/084	Kayanbot Ramkot Lift Water Supply Scheme Construction Works	८६५५९८.५०	२५०००	१०००			
18/BMA/G/VMED/2083/084	Veterinary Medicine Procurement and Supply Works		१२५००	१०००			

प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

गति नियन्त्रणमा सडक सुरक्षा

सडक दुर्घटना संयोग मात्र नभएर धेरै अवस्थामा मानवीय लापरबाहीको परिणाम हो। गन्तव्यमा छिटो पुग्ने चाहनाले गति बढाउँदा केही मिनेट बच्न सक्छ, तर त्यसले निम्त्याउने क्षति अपूरणीय हुन सक्छ। बाँकेमा असोज महिनामा भएका सवारी दुर्घटनाको तथ्याङ्कले यही जोखिमलाई उजागर गरेको छ। जिल्लामा एक महिनामा भएका १०५ वटा दुर्घटनामध्ये ९७ वटाको कारण तीव्र गति देखिनु सामान्य घटना होइन। यसले सडक सुरक्षामा गति नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखाउँछ। जिल्ला प्रहरी कार्यालय बाँकेको तथ्याङ्कअनुसार असोजमा भएका दुर्घटनामा छ जनाको मृत्यु भएको छ भने १९ जना गम्भीर र १३८ जना सामान्य घाइते भएका छन्। दुर्घटनामा १५८ वटा सवारीसाधन संलग्न थिए। सात वटा दुर्घटना मादक पदार्थ सेवन गरी सवारी चलाउँदा, एउटा यान्त्रिक गडबडी र अर्को अन्य कारणले भएको प्रहरीले जनाएको छ। यी तथ्याङ्कले सडक दुर्घटनाको जोखिम र त्यसबाट हुने मानवीय क्षतिको गम्भीरता प्रस्ट पार्छन्। सवारीसाधनको गति जति बढी हुन्छ, आकस्मिक अवस्थामा त्यसलाई नियन्त्रण गर्न त्यति नै कठिन हुन्छ। पैदलयात्री, साइकलयात्री, सडक काटिरहेका नागरिक र अन्य सवारीसाधनको सुरक्षासमेत चालकको व्यवहारमा निर्भर हुन्छ। तर सडकमा तीव्र गति, जथाभावी ओभरटेक, मादक पदार्थ सेवन गरेर सवारी चलाउने र ट्राफिक संकेतको बेवास्ता गर्ने प्रवृत्ति नियन्त्रण हुन सकेको छैन।

सडक दुर्घटनालाई भाग्य वा दुर्भाग्यसँग जोडेर हेर्नेभन्दा त्यसका कारण पहिचान गरी रोकथाममा ध्यान दिन आवश्यक छ। दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले गर्ने चेकजाँच र कारबाही महत्त्वपूर्ण छन्। बाँकेमा असोज महिनामा ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार ८०४ सवारीसाधनलाई कारबाही गरी १४ लाख ५९ हजार पाँच सय रूपैयाँ राजस्व सङ्कलन गरिएको छ। प्रहरीले एक महिनामा ३३७ पटक चेकिङ गरेको जनाएको छ। यद्यपि कारबाही र राजस्व सङ्कलनलाई मात्र सफलताको मापदण्ड मान्न सकिँदैन। दुर्घटनाको संख्या, मृत्यु र घाइते हुनेको संख्या घट्नु नै सडक सुरक्षाको वास्तविक उपलब्धि हो। यसका लागि गति सीमाको प्रभावकारी कार्यान्वयन, जोखिमयुक्त स्थानको पहिचान, सडक संकेतको व्यवस्था र नियमित अनुगमन आवश्यक छ। मादक पदार्थ सेवन गरी सवारी चलाउनेमाथि कडाइ गर्नुपर्छ। चालक अनुमतिपत्र, सवारीको अवस्था र यातायात सञ्चालनसम्बन्धी नियमको पालना सुनिश्चित गरिनुपर्छ। दुर्घटनाको जोखिम बढी भएका सडकमा आवश्यकताअनुसार गति नियन्त्रणका उपाय अपनाउनुपर्छ। विद्यालय, सार्वजनिक स्थान र समुदायमा सडक सुरक्षासम्बन्धी सचेतना विस्तार गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। सडक सुरक्षाको जिम्मेवारी प्रहरी वा सरकारको मात्र होइन। चालकले नियम पालना गर्नुपर्छ, यात्रुले असुरक्षित रूपमा सवारी चलाउन दबाब दिनु हुँदैन र पैदलयात्रीले पनि सडक प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ। यातायात व्यवसायीले चालकलाई अनावश्यक समयको दबाब दिने प्रवृत्ति त्याग्नुपर्छ।

तीव्र गति र लामो समयसम्म विश्रामबिना सवारी चलाउनुपर्ने बाध्यताले दुर्घटनाको जोखिम बढाउन सक्छ। त्यसैले सुरक्षित यात्राका लागि चालकको अनुशासनसँगै यातायात व्यवस्थापनमा पनि सुधार आवश्यक छ। सडक दुर्घटनाले ज्यान गुमाउने व्यक्तिसँगै एउटा परिवारको भविष्यसमेत प्रभावित हुन्छ। घाइतेको उपचार, आम्दानीको स्रोत गुम्ने अवस्था र परिवारमा पर्ने मानसिक तथा आर्थिक भारको क्षति पैसाले मात्र पूर्ति गर्न सकिँदैन। त्यसैले दुर्घटना भएपछि उद्धार र उपचारमा सक्रिय हुनु जति आवश्यक छ, दुर्घटना हुनै नदिनु त्योभन्दा महत्त्वपूर्ण छ। बाँकेमा तीव्र गतिका कारण भएका दुर्घटनाको उच्च अनुपातले सम्बन्धित निकायलाई प्रभावकारी कदम चाल्न स्पष्ट सन्देश दिएको छ। सडकमा गति प्रदर्शन होइन, सुरक्षित गन्तव्य महत्त्वपूर्ण हो। नियम उल्लङ्घन गर्ने प्रवृत्तिमा नियन्त्रण, जिम्मेवार चालक व्यवहार र प्रभावकारी सडक व्यवस्थापनलाई एकसाथ अघि बढाउन सके दुर्घटनाबाट हुने मानवीय क्षति घटाउन सकिन्छ। सडक सुरक्षालाई अभियान र नारामा सीमित नगरी व्यवहारमा उतार्नु आजको आवश्यकता हो। सडकलाई सुरक्षित बनाउने जिम्मेवारी राज्यको नीतिदेखि नागरिकको व्यवहारसम्म जोडिएको छ। दुर्घटनाको तथ्याङ्क सङ्कलन गरेर मात्र पुग्दैन, त्यसका कारणमाथि नियमित समीक्षा गरी सुधारका उपाय लागू गर्नुपर्छ। ट्राफिक नियम उल्लङ्घनमा पहुँच र प्रभावका आधारमा छुट नदिई समान कारबाही गर्ने पद्धति स्थापित गर्न सके सडक अनुशासन कायम गर्न मद्दत पुग्नेछ। नागरिकको जीवनरक्षालाई केन्द्रमा राखेर गरिने यस्तै प्रयासले सुरक्षित यात्राको आधार तयार गर्नेछ।

हाम्रो अनुरोध

हामीले प्रकाशित गरेका लेख, रचनामा प्रतिक्रिया जनाउन तथा आफ्ना साहित्यिक रचनाहरू प्रकाशित गर्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला।

साहित्यिक सम्पादक

सम्पर्क नं. ९८४४८०१०६६

इमेल: missionsahitya32@gmail.com

मिसन टुडे राष्ट्रिय दैनिक
www.missiontodaynews.com
"सूचनाले ताईएको सकेदारी"
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

हानिनोक्सानी कोषमा नेपालको न्यून दाबी



भीम रावत

जलवायु परिवर्तनका कारण हुने विपद्लाई सम्बोधन गर्न स्थापना गरिएको उक्त कोषले नेपालकै मागबमोजिम २० मिलियन अमेरिकी डलर अनुदानको निर्णय भएको हो । जलवायु कूटनीतिका दृष्टिले नेपालले कोषको स्थापनाको छोटो समयमै पहिलो चरणमै यो बहुप्रतीक्षित कोषबाट अनुदान पाउनुलाई एउटा ऐतिहासिक कोसेढुङ्गा मानिएको छ । तर, विपद्ले पारेको क्षतिको भयावह चित्र र आवश्यक पुनर्निर्माण बजेटसँग यो रकमलाई तुलना गर्नु 'हात्तीको मुखमा जिरा'जस्तै हो ।



संयुक्त राष्ट्रसंघ अन्तर्गतको हानिनोक्सानी कोष (लस एन्ड ड्यामेज फन्ड)ले नेपाललाई झन्डै ३ अर्ब रूपैयाँ बराबरको सहयोग उपलब्ध गराउने निर्णय गरेको छ। नेपाल सरकारले ३१ अगस्ट २०२६ मा बाढीबाट प्रभावित समुदायलाई तत्काल सहयोग गर्न अनुरोध गरेको थियो। २२ अक्टोबर २०२६ मा कोषको सञ्चालक समितिले नेपालका लागि नेपालले मागदाबी गरेको २० मिलियन अमेरिकन डलर छुट्याउने निर्णय गरेको छ। गत भदौ १० गते भोटेकोशी र त्रिशूलीमा आएको भीषण बाढीले पुऱ्याएको क्षतिपछि अन्तर्राष्ट्रिय समुदायबाट एउटा महत्वपूर्ण आर्थिक सहयोगको घोषणा भएको छ। सो कोषले पहिलो पटक नेपाललाई सहयोग उपलब्ध गराउने निर्णय गरेको हो।

जलवायु परिवर्तनका कारण हुने विपद्लाई सम्बोधन गर्न स्थापना गरिएको उक्त कोषले नेपालकै मागबमोजिम २० मिलियन अमेरिकी डलर अनुदानको निर्णय भएको हो। जलवायु कूटनीतिका दृष्टिले नेपालले कोषको स्थापनाको छोटो समयमै पहिलो चरणमै यो बहुप्रतीक्षित कोषबाट अनुदान पाउनुलाई एउटा ऐतिहासिक कोसेढुङ्गा मानिएको छ। तर, विपद्ले पारेको क्षतिको भयावह चित्र र आवश्यक पुनर्निर्माण बजेटसँग यो रकमलाई तुलना गर्नु 'हात्तीको मुखमा जिरा'जस्तै हो।

२० मिलियन अमेरिकी डलर अर्थात् रु ३ अर्ब नेपाली रकम बाढीले पुऱ्याएको क्षतिको अनुपातमा निकै कम रकम हो। तर नेपाले आफ्नो मागदाबी गर्दा पनि 'एउटा भिखारीले धेरै माग्दैन' भनेझैं गरेर गरेको दाबी थियो। कोषले नेपालले मागदाबी गरेको २० मिलियन अमेरीकी डलर र यसमा १.६ मिलियन डलर कोषको अनुगमन तथा निगरानी खर्चका लागि समेत गरी २१.६ अमेरिकी डलर छुट्याइएको छ। गत भदौ १० को भोटेकोशी बाढीबाट भएको कूल क्षतिको तुलनामा यो रकम निकै नै कम हो। हालसम्म संकलन गरिएको विवरणअनुसार बाढीबाट भएको आर्थिक क्षति तथा नोक्सानी २.६९ अर्ब अमेरिकी डलर। पुनःस्थापना तथा पुनर्निर्माणको आवश्यकताका लागि ४.७१ अर्ब अमेरिकी डलर। नेपालले आपत्कालीन सहयोगका लागि मागेको रकम २० मिलियन अमेरिकी डलर। हाल छुट्याउन सहमति भएको सहयोग २० मिलियन अमेरिकी डलर। यस हिसाबले, नेपाललाई छुट्याइएको २० मिलियन अमेरिकी डलरको मूल सहयोग रकम अनुमानित पुनर्निर्माण आवश्यकताको एक प्रतिशतभन्दा पनि कम हो।

भोटेकोशी र त्रिशूलीको बाढीले १ हजार ५ सयभन्दा बढीको ज्यान लियो, ५ हजारभन्दा बढी नागरिक अझै बेपत्ता छन् र १५ हजार परिवारका करिब ६० हजारभन्दा बढी मानिस घरबारविही भएका छन्। सडक, जलविद्युत् आयोजना, पुल, खेतीयोग्य जमिन र विद्यालयहरूको विनाशले हिमाली तथा पहाडी अर्थतन्त्रको मेरुदण्ड नै क्षतविक्षत् बनाएको छ। यो हिसाबले नेपालको क्षति आर्थिक मात्रै नभएर सामाजिक र मानवीय क्षति पनि हो, जसको क्षतिपूर्ति सम्भव नै छैन। तर, प्रत्यक्ष रूपमा देखिएको आर्थिक क्षतिको पनि अत्यन्तै कम मात्र सहयोग पाउनु नेपालको लागि वास्तवमै दुर्भाग्य नै हो। त्यही रकम प्राप्त गर्न पनि अब मुख्यतः यी प्रक्रिया पूरा गर्नुपर्छ।

१. **परियोजना प्रस्तावः** नेपाल सरकारले बाढी प्रभावित क्षेत्रको पुनःस्थापना तथा पुनर्निर्माणका लागि विस्तृत प्रस्ताव तयार गरी संयुक्त राष्ट्रसंघको हानिनोक्सानी कोषमा पेस गर्नुपर्छ। यसमा कोषको नियमअनुसार नेपालले कार्यान्वयन ढाँचाअन्तर्गत अनुदान रकम विस्तृत कार्ययोजना र परियोजना प्रस्ताव तयार गर्नुपर्छ। यसमा बाढी प्रभावित क्षेत्रमा रकम कसरी, कुन निकायमार्फत र कति समयभित्र खर्च गरिन्छ भन्ने स्पष्ट खाका पेस गरेको हुनुपर्छ। हानिनोक्सानी कोषमा नेपालको मागदाबी गर्दा कृषि, वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयले संयुक्त रूपमा कोषलाई क्षतिपूर्तिको लागि अनुरोध गरेको थियो। निर्णय भएको रकम प्राप्त गर्नका लागि पनि अब दुवै मन्त्रालयले प्रभावित समुदायको पुनर्स्थापना, तत्काल राहत र जलवायु-उत्थानशील पुनर्निर्माण समेटेर विस्तृत प्रस्ताव बनाउनु पर्ने हुन्छ।

२. **प्रस्तावको मूल्याङ्कनः** कोषको सचिवालयले प्रस्तावको समीक्षा गरी मूल्याङ्कन गर्नुपर्दछ। उक्त प्रस्ताव कोषको सचिवालयमा पेस भएपछि प्राविधिक टोलीले मूल्याङ्कन गरेर रकम निकासाको प्रक्रिया अघि बढाउने व्यवस्था छ। कोषले प्राविधिक टोली खटाएर त्यसले नेपालमा आइ स्थलगत अनुगमन निरीक्षण गरी मूल्याङ्कन पेस गरेपश्चात् त्यसअघिको प्रक्रिया सुरु हुन्छ।

३. **अन्तिम स्वीकृतिः** कोषको सञ्चालक समितिबाट प्रस्ताव स्वीकृत भएपछि मात्र रकम निकासा गर्ने प्रक्रिया अगाडि बढ्छ। उक्त प्रक्रिया पूरा भएपछि तोकिएको रकम दुई तरिकाले आउन सक्छ। पहिलो, सरकारको रातो किताबमा बजेटरी सपोर्टका रूपमा र दोस्रो, कोषले तोकेका बहुपक्षीय साझेदार तथा एजेन्टमार्फत। यो रकम कसरी परिचालन हुन्छ भन्ने अझै टुङ्गिन बाँकी छ। सामान्यतया यस्ता कोषहरूले वित्तीय पारदर्शिता र जवाफदेहिताका लागि कडा सर्त राख्ने गर्दछन्। यी प्रक्रियाहरू पूरा हुन कति समय लाग्छ र नेपालले सो रकम कहिले सम्म प्राप्त गर्दछ भन्नबारे हालसम्म निश्चित समयसीमा सार्वजनिक भएको छैन।

१५ मार्च २०२६ सम्मको आधिकारिक तथ्याङ्कअनुसार हानिनोक्सानी कोषमा विभिन्न राष्ट्रहरूले दिने भनेर प्रतिबद्धता गरेको रकम ८२२.०६ मिलियन डलर हो। तर सो कोषमा अनुदानका लागि प्राप्त भइसकेको रकम ६२ ९.७० मिलियन डलर मात्र हो। कतिपय विज्ञहरू तथा विश्लेषकहरूले समेत उठाइरहेको प्रश्न के हो भने नेपालले बढी रकम मागेको भए हुन्थ्यो। किन यति कम रकम दाबी गऱ्यो भन्ने पनि सुनिन्छ। मेरो बुझाइमा पनि नेपालले बढी रकम माग्ने आधार प्रस्तुत गर्न सक्थ्यो भन्ने हो। तर यहाँ ध्यान दिनु पर्ने विषय के पनि हो भने बढी माग्दैमा बढी रकम पाउने निश्चित थिएन र छैन पनि। यसका तीन मुख्य कारणहरू हुन सक्छन्।

पहिलो कारण, कोषको प्रारम्भिक अनुदान कार्यक्रमअन्तर्गत एउटा परियोजनाले अधिकतम रूपमा २० मिलियन अमेरिकी डलर माग्न सक्ने सीमा थियो। त्यसैले नेपालले भोटेकोशी बाढीका लागि ५ करोड वा १० करोड डलर मागेको भए पनि एउटै परियोजनाबाट त्यति नै रकम स्वीकृत हुने थिएन। एउटा परियोजनाका लागि पाउने त्यही २० मिलियन डलर नै हो।

दोश्रो कारण हो, कोषमा सीमित पैसा। विकासशील देशहरूबाट आएका १७६ वटा प्रस्तावमा कूल २.८ अर्ब डलर मागिएको थियो, जबकि प्रारम्भिक चरणमा उपलब्ध रकम करिब ३४२ मिलियन डलर थियो। त्यसैले सबै देशको माग पूरा गर्न कोषमा पर्याप्त रकम नै कोषमा जम्मा थिएन।

तेश्रो कारण, नेपालले आपत्कालीन सहयोग र पुनर्निर्माण फरक हुन भन्ने छुट्टयाएर मागदाबी गर्न नसक्नु।

भोटेकोशी बाढीको तत्काल राहतका लागि गरिएको माग र दीर्घकालीन पुनर्निर्माणका लागि चाहिने रकमको लागि अलग-अलग प्रस्ताव वा वित्तीय व्यवस्थामार्फत अघि बढाउन सकिन्थ्यो र त्यो गर्नु पर्थ्यो। त्यसमा सरकारको बुद्धिमत्ता त्यतिबेला नपुगेकै हो। बरु नेपालले राम्रो तयारी गरेको भए यस किसिमले मागदाबी गर्न सक्थ्यो। २० मिलियन डलर प्रारम्भिक कार्यक्रमको एक परियोजनाका लागि तोकिएको अधिकतम माग थियो। त्यस्तै ५० मिलियन डलर एउटै परियोजनाको सीमाभन्दा बढी; छुट्टै कार्यक्रम वा अर्को वित्तीय व्यवस्था आवश्यकता लागि परियोजनाको लागि। त्यस्तै १०० मिलियन डलर वा सोभन्दा बढी ठूलो पुनर्निर्माण आवश्यकताको आधारमा माग प्रस्तुत गर्न सकिन्थ्यो। तर स्वीकृतिको कुनै ग्यारेन्टी चाहीँ थिएन। तर मागदाबी नै गर्न नसक्नु त नेपालको कमजोरी हो। यी रकमहरू सम्भावित उदाहरण हुन्। कोषले नेपाललाई दिने निश्चित रकम होइनन्।

नेपालको प्रारम्भिक क्षति अनुमान करिब २.७ अर्ब डलर र पुनर्निर्माणको आवश्यकता करिब ४.८ अर्ब डलर रहेको विवरण सार्वजनिक भएको छ। त्यसको तुलनामा २ करोड अर्थात २० मिलियन डलर अत्यन्त सानो रकम हो। यहाँ नेपालले गर्नुपर्ने मुख्य काम केवल बढी रकम माग्नु होइन, बरु बाढीबाट भएको वास्तविक क्षतिको वैज्ञानिक र विस्तृत मूल्याङ्कन प्रस्तुत गर्नु हो। तत्काल राहत र दीर्घकालीन पुनर्निर्माणका लागि छुट्टाछुट्टै प्रस्ताव तयार गर्नु। हानि तथा नोक्सानी कोषसँगै अन्य अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रबाट पनि सहयोग जुटाउन प्रयत्न गर्नु मुख्य जिम्मेवारी हो भन्ने सोच्नु आवश्यक छ। सरकारसँग भएका भनिएका विज्ञहरूको ध्यान यता किन जान नसकेको होला।

सबैभन्दा महत्वपूर्ण कुरा के हो भने २० मिलियन डलरको सीमा प्रारम्भिक परियोजना कार्यक्रमसँग सम्बन्धित विषय मात्र हो। यसलाई नेपाल सरकारले यो माग पूरा भएपश्चात् भविष्यमा कुनै पनि माध्यमबाट थप जलवायु सहयोग माग्न नपाउने सीमा भनेर बुझ्नु हुँदैन। नेपालको थप दाबी कति सफल हुन्छ भन्ने कुरा प्रस्तावको प्रकृति, प्रमाण, कोषको नियम र उपलब्ध स्रोतमा निर्भर हुन्छ। तर नेपालले आफ्नो तर्फबाट सबै प्रकारका तयारी र पहलकदमी लिने कुरामा कन्जुसाइँ वा नजरअन्दाज गर्न चाहि हुँदैन।

नेपालले कहाँ कहाँबाट ल्याउन सक्छ पैसा ?

७ खर्बको खाडल पुर्न नेपालले ३ अर्बको अनुदानमा मात्र भर परेर वा चित्त बुझाएर बस्न हुँदैन। आजको विश्वमा विश्वव्यापी रूपमा जलवायु न्याय र वित्तका विभिन्न संयन्त्रहरू उपलब्ध छन्। जसलाई नेपालले प्रभावकारी रूपमा उपयोग गर्न सक्नुपर्छ। जस्तो हरित जलवायु कोष : विश्वको सबैभन्दा ठूलो जलवायु कोष (जीसीएफ)सँग नेपालले ठूला पूर्वाधार र जलाधार व्यवस्थापनका लागि थप अनुदान माग गर्न सक्छ। नेपालले यसअघि पनि केही साना परियोजना जीसीएफबाट ल्याएको भए पनि बाढीपछिको पुनर्निर्माणलाई जलवायु उत्थानशील पुनर्निर्माणका रूपमा परिभाषित गरेर ठूलो आकारको परियोजना पेस गर्न सकिन्छ। अनुकूलन कोषः पहाडी तथा हिमाली क्षेत्रमा बाढी, पहिरो र हिमताल विस्फोटको जोखिम न्यूनीकरण गर्न अनुकूलन कोषबाट अनुदान लिन सकिन्छ। यो कोष तुलनात्मक रूपमा प्रक्रियागत रूपमा छरितो मानिन्छ।

विश्व वातावरण सुविधाः जलाधार संरक्षण, नदी प्रणालीको पुनर्जीवन र जैविक विविधता संरक्षणका लागि जीईएफबाट थप वित्तीय स्रोत जुटाउन सकिन्छ। द्विपक्षीय तथा बहुपक्षीय अनुदानः जलवायु परिवर्तनका मुद्दामा युरोपेली युनियन, बेलायत, नर्वे, जर्मनी, जापानलगायत देशहरूले द्विपक्षीय अनुदान उपलब्ध गराउँदै आएका छन्। नेपालले बाढी प्रभावित भोटेकोशी र त्रिशूली कोरिडोरलाई 'जलवायु संकटग्रस्त क्षेत्र' घोषणा गरी दातृ सम्मेलनमार्फत सिधै अनुदान आह्वान गर्न सक्छ। डेब्ट-फर-क्लाइमेट स्वापः नेपालले अन्तर्राष्ट्रिय ऋणदाताहरूसँग ऋण मिनाहा वा ऋणलाई जलवायु अनुकूलनमा लगानी गर्ने सम्झौता गर्न पहल गर्नुपर्छ। विदेशी ऋणको साँवा-ब्याज तिर्न खर्च हुने रकमलाई बाढीपछिको पुनर्निर्माणमा लगाउने गरी सम्झौता गर्नु अहिलेको संकटमा निकै प्रभावकारी उपाय हुन सक्छ। पेरिस सम्झौताको धारा ६ र कार्बन व्यापारः नेपालले स्वच्छ ऊर्जा (जलविद्युत्) र वन संरक्षणमार्फत आर्जन गरेको कार्बन क्रेडिट अन्तर्राष्ट्रिय बजारमा बेचेर आन्तरिक रूपमै जलवायु कोष खडा गर्न सक्छ। यसबाट प्राप्त हुने रकम विपद् व्यवस्थापन र पुनर्निर्माणमा सिधै खर्च गर्न सकिन्छ।

त्यस्तै विश्व बैंक समूह (ठूलो पुनर्निर्माण तथा पूर्वाधार): विश्व बैंकले बाढीपछि नेपालका लागि तत्कालीन प्रतिक्रिया र महत्वपूर्ण पूर्वाधार तथा सेवाको पुनःस्थापनामा सहयोग गर्न १७० मिलियन अमेरिकी डलरसम्मको आपत्कालीन वित्तीय सहायता उपलब्ध गराएको जनाएको छ। सडक, पुल, व्यापारिक आवागमन र दीर्घकालीन पुनर्निर्माणका लागि थप स्रोत जुटाउने विकल्प पनि खोजिरहेको छ। यो रकम सबै नगद अनुदान हो भन्ने होइन; वित्तीय व्यवस्थाको प्रकृति र सर्त छुट्टै हेर्नुपर्छ। एसियाली विकास बैंकः अगस्ट २८, २०२६ मा बाढी प्रभावित क्षेत्रको उद्धार तथा तत्काल राहतका लागि ५ मिलियन डलर अनुदान स्वीकृत गरेको थियो। साथै, क्षति मूल्याङ्कन र पुनर्निर्माण योजना तयार गर्न प्राविधिक सहयोग पनि अघि बढाएको छ। भविष्यमा पुल, सडक, खानेपानी र जोखिम सहन सक्ने पूर्वाधारका परियोजनामा थप सहयोगको प्रस्ताव गर्न सकिन्छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP): प्रभावित परिवारको जीविकोपार्जन पुनःस्थापना, स्थानीय सरकारको क्षमता विकास, क्षतिको तथ्याङ्क संकलन र विपद् पछिको पुनःस्थापना योजना तयार गर्न उपयोगी साझेदार हो। भोटेकोशी बाढीपछि प्रारम्भिक क्षति मूल्याङ्कन र पुनःस्थापना योजना बनाउन काम गरिरहेको छ।

संयुक्त राष्ट्रसंघीय मानवीय सहायता प्रणाली (UN/OCHA तथा सम्बद्ध निकाय): खाद्यान्न, अस्थायी आवास, सरसफाइ, स्वास्थ्य सेवा र जोखिममा रहेका परिवारको संरक्षणका लागि सहायता परिचालन गर्न सक्छ। ध्ज्ड लगायतका निकायले स्वास्थ्य सहायता दिएका छन। संयुक्त राष्ट्रसंघ र साझेदारहरूले विपद् पछिको राहत तथा आवश्यकताको मूल्याङ्कनमा पनि सहयोग गरेका छन्।

नेपालले FRLD बाट जलवायुजन्य हानि तथा नोक्सानीको अनुदान, विश्व बैंक र बन्द्य बाट पूर्वाधार तथा पुनर्निर्माणको वित्तीय सहयोग, GCF बाट दीर्घकालीन जलवायु प्रतिरोधी परियोजनाको रकम र संयुक्त राष्ट्रसंघ तथा मानवीय सहायता संस्थाबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग जुटाउन सक्छ। सबैभन्दा प्रभावकारी उपाय भनेको एउटै संस्थाबाट धेरै रकम पर्खनुभन्दा स्पष्ट क्षति विवरण र समन्वित योजनाका आधारमा धेरै स्रोत परिचालन गर्नु उपयुक्त र प्रभावकारी काम हो।

प्रशोधित खानेपानीको एमआरपी लफडाले उपभोक्ता मारमा

नन्दराम जैशी
सुर्खेत, ९ कात्तिक



कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा प्रशोधित पिउने पानीको अधिकतम खुद्रा मूल्य (एमआरपी) निर्धारणसम्बन्धी विवादले उपभोक्ता मारमा परेका छन् ।

विवादका कारण बजारमा प्रशोधित पिउने पानी नआउँदा हप्तौं दिनसम्म इनारको पानी खानुपरेको वीरेन्द्रनगर-३ का भरत जैसीले बताए । उनले भने, 'पैसा तिरेर पनि पानी खान नपाउनु अन्याय हो, यसमा सरकार गम्भीर बनोस् ।'

उनी प्रतिनिधि पात्र मात्रै हुन् । तर, प्रशोधित पिउने पानी नपाउँदाको पीडा सबै वीरेन्द्रनगरवासीलाई परेको छ । पुरानो पानीको मूल्यलाई निरन्तरता दिने जिल्ला प्रशासनको प्रयासपछि पानी उद्योग बन्द भएका हुन् । तर, व्यवसायीहरू पुन उत्पादनमा फर्कने तयारीमा रहे पनि विवादको मूल विषय अझै समाधान भएको छैन । पानीको मूल्य कसले, कुन आधारमा र कसको हितलाई ध्यानमा राखेर निर्धारण गर्ने ? भन्ने विषयको विवाद कायमै छ ।

वीरेन्द्रनगरमा रहेका सातवटै प्रशोधित पानी उद्योग असोज ३१ गतेदेखि उत्पादन बन्द गरेर बसेका थिए । उद्योगीहरूका अनुसार जिल्ला प्रशासन कार्यालयले २०७६-०७७ सालमा प्रस्ताव गरिएको मूल्यलाई पुनः कार्यान्वयन गर्न खोजेपछि उनीहरू उत्पादन रोक्न बाध्य भएका हुन् भने बजारमा उपभोक्ताले पानीको बोतल र जारका लागि उद्योगले तोकेको मूल्यभन्दा बढी रकम तिर्नुपर्ने अवस्था छ ।

एकातिर उद्योगीहरू पुरानो मूल्यमा उत्पादन गर्न नसकिने बताइरहेका छन् भने अर्कोतिर उपभोक्ता बजारमा महँगो पानी किन्न बाध्य छन् । यसमा जिल्ला प्रशासनको भूमिका, मूल्य निर्धारणको कानुनी प्रक्रिया र बजार अनुगमनको प्रभावकारितामाथि सर्वत्र आलोचना भइरहेको छ ।

वीरेन्द्रनगरमा धाराको पानी नियमित र भरपर्दो छैन । त्यसैले प्रशोधित पिउने पानी धेरै घरपरिवार, होटल तथा व्यावसायिक प्रतिष्ठानको दैनिक आवश्यकतासँग जोडिएको छ । यस्तो अवस्थामा सहरका सातवटै प्रशोधित पानी उद्योगले उत्पादन बन्द गरेपछि बजारमा आपूर्ति प्रभावित भएको हो ।

कर्णाली सरकारका मुख्यमन्त्री निवासमै प्रशोधित पानीका जार तथा बोतल पुग्न नसकेको विषयले प्रदेश सरकारको नेतृत्वको समेत ध्यानाकर्षण भएको छ । पानीजस्तो आधारभूत उपभोग्य वस्तुको आपूर्ति अवरुद्ध हुँदा त्यसको असर सर्वसाधारणदेखि सरकारी निवाससम्म परेको हो । यो विवाद सामान्य व्यावसायिक असहमतिमा मात्र सीमित नरहेको सरोकारवाला बताउँछन् ।

विवादको केन्द्रमा २०७६-०७७ सालमा तयार गरिएको मूल्यसम्बन्धी प्रस्ताव रहेको छ । उद्योगीहरूका अनुसार उक्त समयमा बजारमा अस्वस्थ प्रतिस्पर्धा रोक्ने, उद्योगीहरू पलायन हुन नदिने र व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यले मूल्यसम्बन्धी प्रस्ताव अघि सारिएको थियो ।

श्रम तथा उपभोक्ता हित समितिअन्तर्गतको बजार अनुगमन उपसमितिले तयार पारेको प्रतिवेदनमा काठमाडौं उपत्यकाभित्र पानीको बोतलको मूल्य १६ रूपैयाँ र जारको मूल्य ४७ रूपैयाँ प्रस्ताव गरिएको थियो । उपत्यकाबाहिर बोतलको २० रूपैयाँ र जारको ६० रूपैयाँ प्रस्ताव गरिएको थियो । तर, सुर्खेतमा बोतलको २५ रूपैयाँ र जारको ७० रूपैयाँ एमआरपी राखेर उत्पादन हुँदै आएको उद्योगीहरू बताउँछन् ।

गएको असोज ३० गते जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले पुरानै दर कायम गर्नुपर्ने धारणा राखेपछि विवाद चर्किएको उद्योगीहरूको भनाइ छ । मध्यपश्चिम वाटर एन्ड बेभरेज इन्डस्ट्रिज प्रालिका सञ्चालक तथा पानी उद्योग संघका सुर्खेत जिल्ला अध्यक्ष कृष्ण आचार्यले पुरानो मूल्यलाई वर्तमान अवस्थामा लागू गर्न खोज्नु व्यावहारिक नभएको तर्क गरेका छन् ।

'२०७६-०७७ सालको दरलाई अहिले २०८३ सालमा आएर उही हुनुपर्छ भन्नु कत्तिको जायज हो ?' उनले भने, 'पेट्रोल, इन्धन, ढुवानी, श्रमिकको पारिश्रमिक र अन्य उत्पादन खर्च बढेका छन् । पहिले १५० रूपैयाँ पर्ने कच्चा पदार्थ अहिले ४०० रूपैयाँ पुगेको छ ।' उद्योगीहरूको यो तर्कले मूल्य निर्धारण गर्दा उत्पादन लागत र बजारको अवस्थालाई बेवास्ता गर्न नहुने जनाउँछ ।

विवाद र विकल्प

असोज ३० गते जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा उद्योगी, उद्योग वाणिज्य संघका प्रतिनिधि, सुरक्षा निकायका अधिकारी तथा उपभोक्ता मञ्चका प्रतिनिधि सहभागी थिए । उद्योगीहरूका अनुसार बैठकमा मूल्यका विषयमा सहमति हुन सकेन ।

प्रमुख जिल्ला अधिकारीले निर्णय पुस्तिकामा हस्ताक्षर गरे पनि त्यसमा मूल्य नतोकिएको र उद्योगीहरूले हस्ताक्षर नगरेको उनीहरूको भनाइ छ । तर, सोही राति ह्वाट्सएपमार्फत आएको निर्णयमा पुरानै मूल्य कार्यान्वयन गर्नुपर्ने र त्यसो नगरे कारबाही हुने निर्देशन दिइएको उद्योगीहरूको दाबी छ ।

उद्योगीहरूले प्रशासनको निर्देशनलाई उत्पादन लागत र व्यवसाय सञ्चालनको वास्तविकतासँग नमिल्ने ठानेपछि आपूर्ति रोकेको बताए । त्यसको प्रत्यक्ष असर भने पानीको नियमित आपूर्तिमा निर्भर उपभोक्तामाथि पर्न गएको हो । उद्योगीहरूका अनुसार बोतलको एमआरपी २५ रूपैयाँ र जारको ७० रूपैयाँ भए पनि बजारमा बोतल १६ रूपैयाँ र जार ४७ रूपैयाँसम्ममा बिक्रीका लागि पठाउने गरिएको छ ।

तर, खुद्रा पसलमा पुगेपछि पानीको मूल्य बढ्ने गरेको छ । व्यवसायीहरूले पसलको भाडा, बिजुली, फ्रिज सञ्चालन तथा अन्य खर्च जोडेर मूल्य बढाउने गरेको उद्योगीहरूको भनाइ छ । उपभोक्ताले सामान्य पसलमा पानीको बोतलका लागि २५ रूपैयाँ, चिसो बोतलका लागि ३० रूपैयाँ र ठूला होटलमा ५० रूपैयाँसम्म तिर्नुपर्ने अवस्था छ । भने जारको पानीसमेत ८० देखि ९० रूपैयाँसम्ममा बिक्री हुने गरेको छ ।

उद्योगीहरूका अनुसार वीरेन्द्रनगरका सात उद्योगबाट दैनिक करिब पाँच हजार जार र २५ सय काटुन पानी बिक्री हुने गरेको छ । पानी उद्योगसँग करिब ८० वटा गाडी जोडिएका छन् । उद्योग क्षेत्रमा १६० जना प्रत्यक्ष रूपमा कार्यरत रहेको र समग्रमा करिब साढे चार सय जनाको रोजगारी यस क्षेत्रसँग जोडिएको उद्योगीहरूको तथ्यांक छ ।

यता प्रमुख जिल्ला अधिकारी सापकोटाले एमआरपीको मूल्य उद्योगी आफैंले निर्धारण गर्ने विषय भएको बताए । तर, बजारमा तोकिएको मूल्यभन्दा धेरै रकममा बिक्री वितरण गर्न नपाइने उनको भनाइ छ ।

उद्योगीहरूले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (२) को खण्ड (ञ) उल्लेख गर्दै उत्पादनको लागत, कर र गुणस्तरका आधारमा अधिकतम खुद्रा मूल्य निर्धारण गरी लेबलमा राख्ने अधिकार उत्पादकसँग रहेको तर्क गरेका छन् । तर, यो तर्कको कानुनी अर्थ बुझ्न एमआरपी निर्धारण गर्ने अधिकार र त्यसको नियमन गर्ने निकायको भूमिकालाई छुट्याउन आवश्यक छ ।

पाँचवटा विकासे आयोजनालाई ७३ हेक्टर राष्ट्रिय वनक्षेत्र

मिसन संवाददाता
वीरेन्द्रनगर, ९ कात्तिक



पश्चिम सुर्खेतमा निर्माण तथा स्तरोन्नतिको चरणमा रहेका पाँचवटा विकास आयोजनाका लागि ७३.३४ हेक्टर राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिइएको छ । सडक पूर्वाधार, सिमेन्ट उद्योगसम्मको पहुँचमार्ग र विद्युत् प्रसारण लाइन निर्माणका लागि वनक्षेत्र प्रयोग गर्न दिइएको हो । यसले पश्चिम सुर्खेतका ठूला विकास आयोजनाले थप गति लिने अपेक्षा गरिएको छ । डिभिजन वन कार्यालय भेरीका अनुसार राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिइएका आयोजनामध्ये सडक पूर्वाधारसँग सम्बन्धित आयोजना बढी छन् ।

कार्यालयका डिभिजनल वन अधिकृत मुनबहादुर रावतका अनुसार बड्डीचौर-खम्बागाडे सडकदेखि मदन भण्डारी राजमार्गका विभिन्न खण्ड, सूर्यतारा सिमेन्ट उद्योगको पहुँच सडक तथा सुर्खेत-बिजौरा विद्युत् प्रसारण लाइनका लागि वनक्षेत्र उपलब्ध गराइएको हो । सबैभन्दा बढी वनक्षेत्र मदन भण्डारी राजमार्गअन्तर्गत मायाताल-लगामबजार २८ किलोमिटर सडकखण्ड स्तरोन्नतिका लागि २७.७६ हेक्टर छुट्याइएको छ ।

त्यस्तै, खम्बागाडे-पर्लैंटे-विद्यापुर-गुठु-मायाताला २३ किलोमिटर सडकखण्ड स्तरोन्नतिका लागि १४.५ हेक्टर वनक्षेत्र प्रयोग गर्न दिइएको छ भने १३.१ किलोमिटर लामो बड्डीचौर-खम्बागाडे सडकका लागि १०.३९ हेक्टर राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिइएको कार्यालयले जनाएको छ ।

यस्तै, पश्चिम सुर्खेतमा सञ्चालनमा आउने तयारीमा रहेको सूर्यतारा सिमेन्ट उद्योगसँग जोडिएको लखरपाटा-खम्बागाडे-मुरमुरी-जामु-सुनाकाँडा १०.१७ किलोमिटर सडकका लागि १०.१७ हेक्टर वनक्षेत्र छुट्याइएको छ । विद्युत् पूर्वाधारतर्फ सुर्खेत-बिजौरा ३३ केभी प्रसारण लाइनका लागि १०.५२ हेक्टर राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिइएको छ । यी पाँच आयोजनाका लागि छुट्याइएको वनक्षेत्र जोड्दा कूल ७३.३४ हेक्टर छ ।

सरकारले प्रचलित व्यवस्थाअनुसार मूल्यांकन तथा राजस्व निर्धारण गरेपछि वनक्षेत्र प्रयोगको अनुमति दिने व्यवस्था रहेको डिभिजनल वन अधिकृत रावतले बताए । उनका अनुसार गत वर्ष पाँचवटा विकास आयोजनाका लागि वनक्षेत्र प्रयोग गर्न दिइएको थियो । आगामी वर्ष भने थप तीन वटा ठूला आयोजनाका लागि वनक्षेत्र उपलब्ध गराउने प्रक्रिया अघि बढिरहेको छ ।

थप ठूला आयोजनाले पनि मागे वनक्षेत्र

पश्चिम सुर्खेतमा पूर्वाधार निर्माणसँगै ठूला ऊर्जा तथा औद्योगिक आयोजनाका लागि पनि वनक्षेत्र प्रयोगको माग बढेको छ । कार्यालयका अनुसार ४०० केभी पूर्व-पश्चिम विद्युत् प्रसारण लाइन, बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजना र सूर्यतारा सिमेन्ट उद्योगका लागि चुनढुङ्गा उत्खनन गर्न वनक्षेत्र प्रयोगको माग परेको छ ।

यी आयोजनासम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउँदै टिप्पणी उठाएर विभागमा पठाइएको कार्यालयले जनाएको छ । राष्ट्रिय महत्वका विकास आयोजनाका लागि आवश्यक प्रक्रिया पूरा गरेपछि तोकिएको शुल्क तथा अन्य कानुनी दायित्व पूरा गरी केन्द्र सरकारले राष्ट्रिय वनक्षेत्र प्रयोगको अनुमति दिने व्यवस्था रहेको रावतको भनाइ छ ।

पश्चिम सुर्खेतमा सडक, विद्युत् र औद्योगिक पूर्वाधार विस्तारसँगै राष्ट्रिय वनक्षेत्रको प्रयोग पनि बढ्दै गएको छ । एकातिर दुर्गम क्षेत्रको यातायात तथा ऊर्जा पहुँच विस्तार र औद्योगिक गतिविधिका लागि यस्ता पूर्वाधार आवश्यक छन्, भने अर्कोतर्फ वनक्षेत्र घट्न नदिन वातावरणीय तथा संरक्षणसम्बन्धी दायित्व पनि उत्तिकै महत्वपूर्ण छ ।

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको सार्वजनिक सुनुवाई सम्बन्धि सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०७/१० गते मंगलबार

लुम्बिनी प्रदेश, बाँके जिल्लाको कोहलपुर नगरपालिका वडा नं. ०२ मा सांघारी मल्टिपर्पज कम्पनी प्रा.लि. (साघारी तेल मिल (Oil Mill)) सञ्चालनको लागि वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको क्रममा गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा हुन लागेकोले सो कार्यक्रममा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनुहुन सम्बन्धित सरोकारवाला व्यक्ति, संघ संस्थाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सार्बजनिक सुनुवाई हुने मिति, स्थान र समय

मिति : २०८३/०७/१२ गते बिहीबार
समय : विहानको ११:३० बजे
स्थानः कोहलपुर नगरपालिका वडा न.-०२, तेल मिल प्राङ्गण, NCCN

आयोजक

प्रस्तावक	परामर्शदाता
सांघारी मल्टिपर्पज कम्पनी प्रा.लि.,	सम्मर ईन्जिनियरिङ एण्ड सलुशन (प्रा) लि.
महालक्ष्मी न.पा.-०४ ललितपुर, बागमती प्रदेश,	कोहलपुर-१०, बाँके, नेपाल,
टेलिफोन नं.: ९७०००१९१९१,	टेलिफोनः ९८५१११९५८९८,
ईमेलः sanghaarimultipurpose007@gmail.com	ईमेलः summereng076@gmail.com

लिक्विडेटर कार्यालयको हकदाबी सम्बन्धित ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति ह्याप्पी रीड प्रा.ली. नं ९७६७३८ मा दर्ता भएको ह्याप्पी रीड प्रा.ली को मिति२०८३।७८ मा सम्पन्न विषेश साधारण सभाको निर्णयले कम्पनि ऐन २०६३ को दफा १२६ बमोजि स्वेच्छिक लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोहिकसै लाई किसिमको लेनदेन बाँकि बक्यौता रहेको भए को यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरकोमा हक दावि गर्न सम्बन्धीत सबैको लागि यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर : विशेश्वर प्रसाद ढकाल
इजाजत पत्र न. ६१४
ववरमहल काठमाण्डौ (९८५१०९९२७७)

ठाकुरबाबा नगरपालिका
ठाकुरबाबा आधारभूत नगर अस्पताल
नेउलापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/१०

चालु आ.व. २०८३।८४ का लागि यस अस्पतालको औषधीहरू खरिद गर्नुपर्ने भएकाले तपसिल बमोजिम बोलपत्र आह्वान गरि एकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सो सम्बन्धी थप जानकारी यस अस्पतालमा प्राप्त गर्न सकिनेछ ।

तपसिलः

ठेक्का नं. र कामको विवरण	बोलपत्र दस्तुर र जमानत रकम	खाता विवरण
TBM/G/Hospital/NCB-1/083-84 Supply and delivery of Medicines	१. रू. ३,०००/- २. रू. ५,४०,०००/-	ठाकुरबाबा आधारभूत नगर अस्पताल आम्दानी खाताः १६१४१५०१२७०४६००४ एनआईसी एशीया भुरिगाउँ शाखा

कार्यालय प्रमुख

राजापुर नगरपालिका
Rajapur Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
राजापुर, बर्दिया
Rajapur, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

चामल, दाल, गहुँ र नुन लिलाम बिक्रिको लागि बोलपत्र आह्वानको सूचना

प्रकाशित मितिः २०८३/०७/०९

यस राजापुर नगरकार्यपालिकाको कार्यालयमा मौज्दातमा रहेको चामल - २४४३२ के.जी., दाल- ३५२ के.जी, गहुँ- ९७१ के.जी. र नुन-८६३ के.जी. मालसामान लिलाम बिक्री गर्नुपर्ने भएकोले जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले राजापुर नगरपालिकाको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्ने तथा खरिद गर्ने सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८३/०७/२३ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १०००। (अक्षेरुपी रु. एक हजार रुपैया मात्र) यस कार्यालयको आन्तरिक राजश्व खाता नं. नेपाल बैंक लिमिटेडको खाता नं. ०२८०३००००१००१०००००१ मा नगद दाखिला भौचार सहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६ औं दिनको १ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयकमा खोलिनेछ

५. लिलाम बिक्रि हुने सम्पत्ती तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत धरौटी रकम यस कार्यालयको धरौटी खाता नेपाल बैंक लिमिटेडको खाता नं. ०२८०३००००३००००००००१ मा नगद दाखिल गरेको सक्कल बैंक भौचर वा नगदै रकम वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट राजापुर नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

दसैँ अवधिमा सुदूरपश्चिममा १५२ दुर्घटना



मिसन संवाददाता

धनगढी, ९ कात्तिक

चाडपर्वमा सवारी चाप बढेसँगै सुदूरपश्चिममा सडक दुर्घटनाको जोखिम पनि बढेको देखिएको छ । यस वर्ष घटस्थापनादेखि शुक्रबारसम्म प्रदेशभर १५२ वटा सवारी दुर्घटना भएका छन् । यो संख्या गत वर्ष दसैँदेखि छठसम्मको अवधिमा भएका दुर्घटनाभन्दा ३० ले बढी हो ।

तर दुर्घटना बढे पनि मानवीय क्षति भने अघिल्लो वर्षको तुलनामा घटेको छ । यस वर्ष दसैँ अवधिमा भएका दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने २४३ जना घाइते भएका छन् ।

गत वर्ष दसैँदेखि छठसम्म १२२ दुर्घटनामा २३ जनाको मृत्यु र २५३ जना घाइते भएका थिए ।

यस वर्षको दुर्घटनाको सबैभन्दा ठूलो भार कैलाली र कञ्चनपुरले बेहोरेका छन् । कैलालीमा मात्रै ८८ दुर्घटना भएका छन् । ती दुर्घटनामा चार जनाको मृत्यु र १४६ जना घाइते भएका छन् । कञ्चनपुरमा ३५ दुर्घटना हुँदा दुई जनाले ज्यान गुमाएका छन् भने ५० जना घाइते भएका छन् ।

प्रदेशका पहाडी जिल्लामा पनि दुर्घटनाको संख्या उल्लेख्य छ । डडेल्धुरामा १०, डोटीमा ८ र अछाममा ५ वटा दुर्घटना भएका छन् । दार्चुला र बाजुरामा दुई-दुई तथा बझाङ र बैतडीमा एक-एक वटा दुर्घटना भएका छन् ।

कैलाली र कञ्चनपुरबाहेक यी जिल्लामा भएका दुर्घटनाबाट मानवीय क्षति नभएको सुदूरपश्चिम प्रदेश ट्राफिक प्रहरी कार्यालय अत्तरियाले जनाएको छ । ती दुर्घटनामा ४७ जना घाइते भएका छन् ।

गत वर्षको तथ्यांकसँग तुलना गर्दा यसपटकको अवस्था फरक देखिन्छ । गत वर्ष दसैँदेखि छठसम्म १२२ सवारी दुर्घटना हुँदा २३ जनाको मृत्यु भएको थियो ।

यस वर्ष भने दसैँकै अवधिमा दुर्घटना संख्या १५२ पुगेको छ । अर्थात् गत वर्षको दसैँ-छठ अवधिभन्दा यसपटक दुर्घटना ३० वटा बढी भएका छन् ।

घाइतेको संख्या भने गत वर्षको तुलनामा केही घटेको छ । गत वर्ष २५३ जना घाइते भएकामा यस वर्ष २४३ जना घाइते भएका छन् । दुर्घटना बढेर पनि मृत्यु र घाइते हुनेको संख्या घट्नुले दुर्घटनाको प्रकृति र त्यसबाट हुने क्षतिमा केही सुधार देखिए पनि चाडपर्वमा सडक सुरक्षा अझै चुनौतीपूर्ण रहेको ट्राफिक प्रहरीको तथ्यांकले देखाउँछ ।

चाडपर्वमा यात्रुको आवागमन र सवारीसाधनको चाप बढ्ने भएकाले दुर्घटना नियन्त्रण ट्राफिक प्रहरीका लागि थप चुनौतीपूर्ण हुने गरेको छ । यस वर्ष दसैँमै दुर्घटनाको संख्या गत वर्षको लामो चाडपर्व अवधिभन्दा बढी पुग्नुले सवारी व्यवस्थापन र सडक सुरक्षाका उपाय प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाएको छ ।

सुदूरपश्चिममा बालविवाह रोक्न करोडभन्दा बढी खर्च समस्या उस्तै

मिसन संवाददाता

सुदूरपश्चिम, ९ कात्तिक

सुदूरपश्चिम प्रदेशमा बालविवाह न्यूनीकरणका लागि सरकारले पाँच आर्थिक वर्षमा एक करोड २८ लाख रूपैयाँभन्दा बढी खर्च गरे पनि बालविवाहको समस्या कायमै रहेको छ । बालविवाह रोक्न विभिन्न अभियान र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि तिनको प्रभावकारिता मापन नहुँदा सरकारी लगानीको उपलब्धि स्पष्ट हुन सकेको छैन ।

सामाजिक विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७८-७९ देखि २०८२-८३ सम्म बालविवाह न्यूनीकरणका विभिन्न कार्यक्रमका लागि एक करोड ४१ लाख २२ हजार पाँच सय रूपैयाँ विनियोजन गरिएको थियो । त्यसमध्ये एक करोड २८ लाख ७० हजार ८० रूपैयाँ खर्च भएको छ । उक्त अवधिमा प्रदेशभर नौ हजार १४७ बालबालिका तथा अभिभावक कार्यक्रममा सहभागी भएका थिए ।

तर, यति ठूलो रकम खर्च गर्दा बालविवाहको दर कति घट्यो भन्ने विषयमा सरकारले अध्ययन गरेको छैन । कार्यक्रम सुरु गर्दा आधारेखा, निश्चित लक्ष्य र उपलब्धि मापन गर्ने सूचकसमेत निर्धारण नगरिएकाले खर्च र परिणामबीचको सम्बन्ध पहिचान गर्न नसकिएको मन्त्रालयका अधिकारीहरूले स्वीकार गरेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सुदूरपश्चिममा बालविवाहको दर २९.१ प्रतिशत छ । प्रदेश प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७७-७८ देखि २०८२-८३ सम्म बालविवाहसम्बन्धी ३६ वटा मुद्दा मात्रै दर्ता भएका छन् । यसले समुदायमा रहेको समस्याको तुलनामा प्रहरीसम्म पुग्ने घटनाको संख्या निकै कम रहेको देखाउँछ ।



प्रदेशमा सबैभन्दा बढी बालविवाहको दर बझाङमा ३४.१ प्रतिशत छ । दार्चुलामा ३३.४, डडेलधुरामा २९.७, अछाममा २९.६, कैलाली र डोटीमा २ ९.४, बाजुरामा २७.८, बैतडीमा २६.९ तथा कञ्चनपुरमा २६.६ प्रतिशत बालविवाह रहेको जनगणनाको तथ्यांक छ । प्रहरीमा दर्ता भएका घटनामध्ये कैलालीमा नौ, कञ्चनपुरमा सात, बैतडीमा पाँच र डोटीमा चार वटा छन् ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी तथा वरिष्ठ प्रहरी उपरीक्षक पदमबहादुर बिष्टले समुदायमा बालविवाहका घटना भए पनि प्रहरीसम्म कमै मात्र पुग्ने गरेको बताए । उनका अनुसार अन्तरजातीय विवाह वा अभिभावकको सहमतिबिना विवाह भएका घटनामा प्रहरीमा उजुरी आउने सम्भावना बढी छ । समाजका अन्य व्यक्तिले समयमै चासो नदिँदा पनि बालविवाह रोक्न कठिनाइ भइरहेको उनले बताए ।

बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य र भविष्यमा समेत गम्भीर असर पारिरहेको छ। कम उमेरमा विवाह गर्दा किशोरीले पढाइ छाड्नुपर्ने, आर्थिक रूपमा अरूमाथि निर्भर हुनुपर्ने तथा घरेलु हिंसाको जोखिम भेल्नुपर्ने अवस्था देखिएको छ । कम उमेरमै गर्भधारण र सन्तान जन्माउँदा स्वास्थ्यमा समेत असर पर्ने गरेको छ । किशोरहरू पनि पारिवारिक जिम्मेवारी र आर्थिक दबाबका कारण पढाइ छाडेर रोजगारीका लागि भारत जाने गरेका छन् ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ अनुसार २० वर्ष नपुगी विवाह गर्न वा गराउन पाइँदैन । कानुनले यस्तो विवाहलाई बदर हुने व्यवस्था गर्दै दोषीलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिबाना हुने प्रावधान राखेको छ । कानुनी व्यवस्था हुँदाहुँदै पनि बालविवाहको अभ्यास पूर्ण रूपमा रोकिएको छैन ।

मन्त्रालयका सूचना अधिकारी जयदेव महराले कार्यक्रम सञ्चालन गरिए पनि तिनको प्रभाव मापन गर्ने संयन्त्र विकास हुन नसकेको बताए । मन्त्रालयकी महिला विकास अधिकृत विन्दुकुमारी चटौतका अनुसार अभियान सुरु गर्दा आधारेखा, लक्ष्य र सूचक निर्धारण नगरिएकाले उपलब्धि मूल्यांकन हुन सकेको छैन । मन्त्रालयको तथ्यांकअनुसार अभियानअन्तर्गत बाजुरामा १९ वटा बालविवाह रोकिएको छ ।

यसैगरी, गैरसरकारी संस्था पिसविनले पनि बझाङ, बैतडी, बाजुरा, डोटी र अछामका करिब १९ स्थानीय तहमा बालविवाह न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थाका कार्यक्रम संयोजक जुद्ध रावलका अनुसार यसका लागि वार्षिक एक करोड रूपैयाँभन्दा बढी खर्च हुने गरेको छ । परियोजनाअन्तर्गत बालविवाह हुन लागेका ३२ वटा घटना रोकिएको संस्थाको अभिलेख छ । तर, परियोजनाको समग्र प्रभाव मापन गर्न छुट्टै सर्वेक्षण भने गरिएको छैन ।

सरकारी तथा गैरसरकारी क्षेत्रबाट बजेट खर्च भइरहे पनि बालविवाह न्यूनीकरणका कार्यक्रम गोष्ठी, अन्तरक्रिया र अभिमुखीकरणमा सीमित देखिएका छन् । प्रभाव मूल्यांकन, स्पष्ट लक्ष्य र नियमित अनुगमनबिना सञ्चालन हुने यस्ता कार्यक्रमले अपेक्षित परिणाम दिन नसकेको तथ्यले देखाएको छ ।

कञ्चनपुरका नरेन्द्रको बाल्यकालको स्वाद बन्यो व्यवसायको बाटो

मिसन संवाददाता

कञ्चनपुर, ९ कात्तिक

बिहानको घाम विस्तारै चर्किँदै थियो । भीमदत्त नगरपालिका-६ नरेन्द्रको घर छेउमा राखिएका मौरीका घारहरू टल्किँदै थिए । घार वरिपरि मौरीको आउजाउ बाक्लो थियो । कोही फूलतिर उडिरहेका थिए, कोही घारभित्र पस्दै थिए । त्यही मौरीको चहलपहलबीच नरेन्द्र खत्री पनि व्यस्त थिए । ५१ वर्षीय नरेन्द्रका लागि मौरी व्यवसाय मात्र नभई जीवनको एउटा हिस्सा बनेको छ । तर उनको जीवन मौरीबाट सुरु भएको भने होइन । उनको परिचय कुनै समय कुस्ती खेलाडीका रूपमा थियो । विसं २०४७ सालदेखि कुस्ती खेल्न थालेका नरेन्द्र राष्ट्रियस्तरका प्रतियोगितासम्म पुगे । खेलप्रतिको लगावले उनलाई लामो समयसम्म कुस्तीको मैदानमा राख्यो । तर समयसँगै उनको जीवनले अर्को बाटो समात्यो । त्यो बाटो थियो, मौरीपालन ।

मौरीसँगको उनको सम्बन्ध भने व्यवसाय सुरु गरेपछि बनेको होइन । यसको जरा उनको बाल्यकालमै थियो । सानैदेखि उनलाई मह असाध्यै मन पर्थ्यो । गाउँमा कतै मौरी देखे उनी त्यतैतिर पुगिहाल्थे । मौरीको घार खोज्ने र मह निकाल्ने उनको बाल्यकालको रुचि थियो । 'मह खानकै लागि पनि मौरी पाल्न मन लाग्थ्यो,' नरेन्द्र मुस्कुराउँदै भन्छन्, 'त्यो बेला व्यवसाय बन्छ भन्ने त सोचेकै थिइनँ ।' बाल्यकालको त्यही स्वाद र रुचि अहिले उनको आम्दानीको आधार बनेको छ । करिब १३ वर्षअघि उनले ३० हजार रूपैयाँ लगानी गरेर पाँच घारबाट मौरीपालन सुरु गरे । सुरुवाती दिनमा न ठूलो लगानी थियो, न आधुनिकताको ज्ञान र साधन । थियो त केवल काम गर्ने इच्छा र आफूले थालेको कामप्रतिको विश्वास ।

मौरीका घार बोकेर उनी साइकलमै गाउँगाउँ पुग्थे । बेलौरी, बेलडाँडीदेखि कैलालीको मसुरियासम्म मौरी चराउन लैजान्थे । 'यात्राका लागि साइकल थियो, मनमा विश्वास त थियो,' उनी ती दिन सम्झन्छन् । बिस्तारै घार थपिँदै गए । मौरीको संख्या बढ्दै गयो । पाँच घारबाट सुरु भएको उनको व्यवसाय अहिले करिब दुई सय घारमा पुगेको छ । मौरी चराउन उनी तराईदेखि पहाडसम्म पुग्छन् । मौसम र फूल फुल्ने समयअनुसार मौरीका घार सार्दै उनी करिब चार सय किलोमिटरसम्मको यात्रा गर्छन् ।

उनले मेलिफेरा अर्थात् युरोपियन र सेरना अर्थात् एसियन जातका मौरी पालिरहेका छन् । घारमै तयार भएको मह निकालेर बिक्री गर्ने भएकाले त्यसलाई धेरै प्रशोधन गरिरहनु पर्दैन । यहीकारण उनको उत्पादनप्रति ग्राहकको आकर्षण पनि बढेको छ । अहिले उनी वर्षमा करिब १० क्विन्टल मह उत्पादन गर्छन् । प्रतिकिलो एक हजारदेखि १६ सय रूपैयाँसम्ममा मह बिक्री हुने गरेको उनी बताउँछन् । 'सबै खर्च कटाएर वर्षमा १२ लाख रूपैयाँसम्म बचत हुन्छ,' नरेन्द्र भन्छन् । मेरालागि यो कमाइ मात्र होइन, आत्मनिर्भरको बाटो बनेको छ ।'

कुनै समय कुस्तीको मैदानमा प्रतिस्पर्धा गर्ने नरेन्द्र अहिले त्यही खेलसँग पनि जोडिएका छन् । उनी अहिले कुस्तीका राष्ट्रिय निर्णायक हुन् । उनको परिवार पनि कुस्तीबाट टाढा छैन । उनकी छोरी कोमल खत्री र बहिनी लक्ष्मी खत्री अन्तर्राष्ट्रियस्तरका कुस्ती खेलाडी हुन् । अहिले छोरी दक्षिण एसियाली खेलकुदकी पदक विजेता र बहिनी सुदूरपश्चिम महिला कुस्ती टोलीकी प्रशिक्षक छिन् । यसरी उनको जीवनमा कुस्ती र मौरी दुवै सँगसँगै छन् । खत्रीले उत्पादन गरेको मह कञ्चनपुरमा मात्र सीमित छैन । नेपालका विभिन्न ठाउँ हुँदै भारत र संयुक्त अरब इमिरेट्स (दुबई) सम्म समेत पुगेको छ । सानो लगानीबाट सुरु गरेको व्यवसाय अहिले बजारसम्म पुगेपछि नरेन्द्रको सपना पनि फराकिलो भएको छ ।

अब उनको लक्ष्य मौरीपालनलाई अझ व्यवस्थित बनाउँदै आधुनिक उद्योग स्थापना गर्ने हो । 'अब व्यवसायलाई आधुनिक स्थरबाट लौजाने योजना बनाएको छु । जसले गर्दा आम्दानी अझै दह्रो बनोस्,' उनी बताउँछन् ।

बाल्यकालमा महको स्वाद खोज्दै मौरीको घारसम्म पुग्ने नरेन्द्र आज त्यही मौरीसँग आफ्नो भविष्य खोजिरहेका छन् । कुनै समय कुस्तीको मैदानमा जितका लागि भिड्ने उनी अहिले मौरीसँगै नयाँ संघर्ष गरिरहेका छन् । 'पहिले मह खान मन लागेर मौरी खोज्थें,' उनी भन्छन्, 'अहिले यही मौरीले मेरो जीवन चलाएको छ ।'

वाणिज्य कार्यालयद्वारा विभिन्न व्यावसायिक फर्मको अनुगमन

मिसन संवाददाता

धनगढी, ९ कात्तिक

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढीले तीन महिनामा दुई सय ८७ वटा व्यावसायिक फर्मको अनुगमन गरेको छ । कार्यलयले चालू आव २०८३-८४ को साउन, भदौ र असोजमा महिनामा उक्त फर्मको अनुगमन गरेको हो ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रमुख पदमराज अवस्थीका अनुसार ६३ वटा खाद्य तथा किराना, ५८ वटा होटल तथा रेष्टुरेन्ट, ८ वटा तरकारी तथा फलफूल, १६ वटा डेरी तथा मिठाइ पसल, तीन अन्य र ४ उद्योगको अनुगमन गरिएको हो ।

अनुगमन तथा निरीक्षणको क्रममा २७० वटा फर्मलाई सामान्य कैफियतमा तत्काल सुधारका लागि निर्देशन दिइएको उनले जानकारी दिए । त्यस्तै, कैफियत देखिएका ८ वटा फर्मलाई आवश्यक कागजात पेस तथा बयान माग गरिएको उनले जानकारी दिए ।

उनका अनुसार सो अनुगमन तथा निरीक्षणको क्रममा ६० हजार ७ सय ४६ रूपैयाँ बराबरका खान अयोग्य वा म्याद सकिएका वस्तु नष्ट गर्न लगाइएको छ । त्यस्तै, कार्यालयले सो अवधिमा विभिन्न फर्म दर्ता, नवीकरण, खारेजी, संशोधनलगायतका शीर्षकमा रु दुई लाख ६४ हजार ६ सय १० राजस्व संकलन गरेको उनले जानकारी दिए ।

सो अवधिमा २० वटा प्राइभेट फर्म दर्ता, ४२ वटा फर्म नवीकरण, ४३ फर्म संशोधन, ६ फर्म खारेजी, ११ फर्मले प्रतिलिपि लिएका तथा १ फर्म स्थानान्तरण गरिएको उनले जानकारी दिए ।

त्यसैगरी, २ वटा साझेदार फर्म दर्ता, १० फर्म नवीकरण, १ फर्म खारेज गरिएको तथा ४ वटा कम्पनी फर्म दर्ता भएका कार्यालयले जनाएको छ ।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (ईन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मूलुक राष्ट्र	ईकाई	प्रति ईकाई मूल्य	अधिकतम खुद्रा बिक्री मूल्य MRP	कैफियत
1	REFRIGERATOR	SINGLE DOOR	CG	CGS200SFS	180 Ltr	INDIA	SET	NPR	35,790/-	
2	REFRIGERATOR	SINGLE DOOR	CG	CGS200PRS	180 Ltr	INDIA	SET	NPR	35,790/-	

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (ईन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मूलुक राष्ट्र	ईकाई	प्रति ईकाई मूल्य	अधिकतम खुद्रा बिक्री मूल्य MRP	कैफियत
1	REFRIGERATOR	SINGLE DOOR	BEKO	RDC220SFLWE/WA	200 Ltr	INDIA	PCS	NPR	41,690/-	
2	REFRIGERATOR	SINGLE DOOR	BEKO	RDC220SFLBE/BA	200 Ltr	INDIA	PCS	NPR	41,690/-	
3	REFRIGERATOR	DOUBLE DOOR	BEKO	RDNE360SEM	340 Ltr	INDIA	PCS	NPR	99,990/-	
4	WASHING MACHINE	SEMI AUTOMATIC	GODREJ	WSEDGE CLS 70 5.0 PN2 GPGR	7 Kg	INDIA	PCS	NPR	32,490/-	
5	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	WDFL PLUS HAC LTW 90 MS NERO	90 CM	INDIA	PCS	NPR	31,390/-	
6	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	FL PLUS 900 SPT MAX HAC LTW MS NERO (FULL GRILL)	90 CM	INDIA	PCS	NPR	37,490/-	
7	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	ISMART SPOT FL HAC 90 LTW NERO	90 CM	INDIA	PCS	NPR	53,590/-	
8	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	ISMART SPOT H6 BF LTW 90 NERO	90 CM	INDIA	PCS	NPR	58,490/-	
9	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	T 75 HS ORG FL HAC LTW MS NERO	75 CM	INDIA	PCS	NPR	33,090/-	
10	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	T 90 MAX HS ORG FL HAC LTW MS NERO	90 CM	INDIA	PCS	NPR	35,690/-	
11	KITCHEN CHIMNEY	ELECTRIC	ELICA	WD HS ORG FL 900 HAC LTW MS NERO	90 CM	INDIA	PCS	NPR	35,390/-	

विक्रेता फर्मको नाम: इ.ओ.एल. प्रा.ली.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०३६६८८४४
फोन नं.: ५५२५०३९/०४१

कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०७/१०

यस कम्पनीको मिति २०८३/०६/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार सावित कम्पनी हेल्थ कार्ट (प्रा.लि.नं.२७४९६१) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्हो र्नु पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार को कार्यालयको मिति २०८३/०६/२७ गते को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी हेल्थ मार्ट इन्टरप्राइज प्रा.लि.कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
उत्तर-दक्षिण/ब्यापारिक मार्ग विस्तार आयोजना निर्देशानालय
कर्णाली करिडोर उत्तर खण्ड (हिल्सा-सिमिकोट सडक योजना)
सिमिकोट, हुम्ला

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मितिः २०८३/०७/१०

यस योजना कार्यालयबाट मिति २०८३/०४/१८ मा PPMO को web portal www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरु मध्ये औषत बोलपत्र रकमको सबैभन्दा नजिक मुल्यांकित भइ लागत अनुमानभन्दा सारभूतरुपमा बढी नभएका एवं सारभूत रुपमा प्रभावग्राही ठहरिएका तपसिल बमोजिमका बोलपत्रहरु स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कबोल अंक रू. (मू.अ. कर र पि. एस.सहित)
१.	HSRP/337011184/083/84-01	M/S RIVIT-LAMA P.T.-SONAM JV, Simikot, Humla	२,३४,७७,९१४.९४
२.	HSRP/337011184/083/84-02	M/S B.K./PRATIK/LOK BIR JV, Swamikartik Khapar Rural Municipiality -04, Wai, Bajura	२,४८,८७,५९२.७६

योजना प्रमुख

धितोपत्र बोर्डको नयाँ निर्देशन जारी

मिसन संवाददाता
काठमाडौँ, ९ कात्तिक



नेपाल धितोपत्र बोर्डले सेयर बजारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा हुने वित्तीय लगानी नियन्त्रण गर्न नयाँ निर्देशन जारी गरेको छ। बोर्डले ग्राहकको पहिचान, कारोबारको निगरानी र शंकास्पद गतिविधिको पहिचानलाई प्रभावकारी बनाउन भन्दै विभिन्न व्यवस्था गरेको हो।

यी व्यवस्था नयाँ होइनन्। तर यिनै व्यवस्था देखाएर बजारमा हौवा फैलिएको ब्रोकरहरू बताउँछन्। 'मलाई धेरैले फोन गरेर यसबारे सोधखोज गरिरहेका छन्,' एक ब्रोकरले भने, 'यो नयाँ व्यवस्था नभएको र पहिलेदेखि नै कार्यान्वयनमा रहेको व्यवस्था हो भनेर बुझाइरहेको पनि छु। तर किन किन बजारमा यसैलाई देखाएर तनाव सिर्जना गरिएको छ।'

सामाजिक सञ्जालहरूमा पनि पुराना लगानीकर्ताहरू धेरैले यो नयाँ व्यवस्था नभएको भन्दै अन्यलाई आश्वस्त पार्न खोजिरहेका छन्। धितोपत्र बोर्डले समेत निर्देशन नयाँ भए पनि विषय नयाँ नभएको जानकारी गराएको छ।

बोर्डका कार्यकारी निर्देशक रूपेश केसीले भने, 'निर्देशनहरू संशोधन गर्ने भन्ने हुँदैन रहेछ। त्यही कारण २०८० मा सम्पत्ति शुद्धीकरण निवारण ऐनको संशोधनअनुसार केही विस्तृत व्याख्यासहित नयाँ निर्देशन ल्याइएको हो।' केसीले थप नयाँ व्यवस्था नगरिएको स्पष्ट पारे।

ब्रोकरहरूले यसअघि नै यस्तो गतिविधिको रिपोर्टिङ गर्दै आएका छन्। २६ किसिमका सूचक संस्थाहरूले दैनिक वा एक पटकमा १० लाख रूपैयाँ सीमामाथिको कारोबार र शंकास्पद हुन सक्ने कारोबारको जानकारी वित्तीय जानकारी इकाइ (एफआइयू)मा पेस गर्छन्। ब्रोकर कम्पनी पनि यस्तै सूचक संस्था हुन्।

आर्थिक वर्ष २०८१-८२ मा धितोपत्र बजारमा रहेका ब्रोकर, मर्चेन्ट बैंकर लगायतले सात लाख ६८ हजार ७४१ वटा सीमामाथिको कारोबारको रिपोर्टिङ गरेको देखिन्छ। सो वर्ष कूल २२ लाख ३६ हजार ६७ वटा यस्तो कारोबारको रिपोर्टिङ भएको थियो।

ती ब्रोकर भन्छन्, '२०७६ सालबाट ब्रोकरहरूले पनि यस्तो कारोबारको रिपोर्टिङ नियमित गरिरहेका छन्। तीन वर्षदेखि वित्तीय जानकारी इकाइले बनाएको प्रणालीमै हामीले यी जानकारी प्रविष्टि गरिरहेका छौं। त्यसैले यही व्यवस्थाको आधारमा भने लगानीकर्ता डराउनुपर्ने अवस्था छैन।'

बोर्डले जारी गरेको नयाँ निर्देशनअनुसार धितोपत्र व्यवसायीले यसअघिजस्तै ग्राहकको जोखिमको मूल्यांकनका आधारमा पहिचान तथा प्रमाणीकरण गर्नुपर्नेछ। ग्राहकको नाममा खोलिएको खाताबाट हुने कारोबारको प्रकृति र नियमितातामाथि निगरानी राख्नुपर्नेछ।

निर्देशनले नाबालकको नाममा दोस्रो बजारमा नियमित रूपमा हुने सेयर कारोबारलाई पनि निगरानीको दायरामा राखेको छ। त्यस्तै, वास्तविक धनीको पहिचान गर्नुपर्ने, कम्पनीको स्वामित्व संरचना, सेयरधनीको विवरण तथा त्यसलाई नियन्त्रण गर्ने व्यक्तिबारे आवश्यक जानकारी संकलन गर्नुपर्छ।

उच्च पदस्थ व्यक्ति, उनीहरूका परिवारका सदस्य तथा नजिकका सम्बन्धित व्यक्तिको पहिचान गरी जोखिम मूल्यांकन गर्नुपर्ने व्यवस्था समेत गरिएको छ। धितोपत्र व्यवसायीले सम्पत्ति शुद्धीकरण वा आतंकवादी गतिविधिमा वित्तीय लगानीसँग सम्बन्धित हुन सक्ने शंकास्पद कारोबार तथा गतिविधि पहिचान गर्नुपर्नेछ।

त्यस्ता कारोबारको आवश्यक जाँचबुझ गरी वित्तीय जानकारी इकाइमा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। धितोपत्र बजारमा हुने कारोबारलाई थप पारदर्शी बनाउने तथा अवैध स्रोतबाट आर्जित रकमलाई सेयर कारोबारमार्फत वैध बनाउने प्रयास नियन्त्रण गर्न सहयोग पुग्ने अपेक्षा बोर्डको छ।

सरकारी उद्योग सञ्चालनले निजीलाई पनि लाभ

मिसन संवाददाता
काठमाडौँ, ९ कात्तिक



अर्थ मन्त्रालयले सरकारीस्तरबाट उत्पादनमूलक सरकारी उद्योगको सञ्चालनले निजी क्षेत्रले समेत लाभ पाउने जनाएको छ। प्रतिनिधिसभामा काँग्रेस सांसद निश्कल राईले दर्ता गरेको प्रश्नमा मन्त्रालयले निजी क्षेत्र अर्थतन्त्रका इन्जिन रहेको भन्ने भनाइमा सरकार अडिग रहेको उल्लेख छ।

जवाफमा भनिएको छ, 'निजी क्षेत्र देशको अर्थतन्त्रको इन्जिन हुन् भन्ने मान्यतामा हामी अडिग छौं। सरकारी उद्योगको पुनः सञ्चालन हुने अवस्थामा समेत निजी क्षेत्रसँग सहकार्य गरेरै गरिने छ। निजी क्षेत्रसँगको सहकार्यमा नै सरकारी उद्योगको दिगो व्यवस्थापन गरिने तथा उद्योगको ब्याकवार्ड-फरवार्ड लिङ्केजमा निजी उद्योगका लागि थप बजार उपलब्ध हुने छ। यसबाट निजी क्षेत्र नै लाभान्वित हुने छन्।'

संविधानले नेपालको आर्थिक नीति सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताको नीति अनुसार नै सरकारले काम गरिरहेको पनि जवाफमा जनाइएको छ। उत्पादनमूलक अर्थतन्त्रको विकासका लागि संस्थानको सुधार गरी निजी क्षेत्रलाई नै फ्रन्ट सिटमा राख्ने नीतिमा दुबिधा नमान्नु जवाफमा भनिएको छ।

सरकारले निजी क्षेत्रलाई अर्थतन्त्रको इन्जिन भनिरहेका बेला सरकारी उद्योग चलाउने विरोधाभाषपूर्ण कार्यक्रम अघि सारिएको भन्दै राईले प्रश्न गर्नुभएको थियो। जवाफमा मन्त्रालयले अर्थतन्त्र चलायमान बनाउन र निजी क्षेत्रलाई समेत आकर्षण गर्न सार्वजनिक संस्थान आवश्यक रहेको जनाइएको छ।

जवाफमा सन् २०२४ को ओइसिडीको प्रतिवेदन अनुसार विश्वका ५०० ठूला कम्पनी सरकारी स्वामित्वका रहेका उल्लेख छ। सन् २००० मा यस्ता संख्या ३४ वटाको तथ्याङ्क रहेको पनि जवाफमा उल्लेख छ। सन् २०२३ मा ५३ खर्ब ५० अर्ब अमेरिकी डलरको सम्पत्तिसहित १.२ खर्ब अमेरिकी डलर आय गरेको तथ्याङ्क पनि जवाफमा उल्लेख गरिएको छ।

सीमितबाहेकका सरकार आफैं उद्योग सञ्चालनको नीति नरहेको पनि जवाफमा भनिएको छ। मन्त्रालयले संसद्मा प्रेसित जवाफमा भनेको छ, 'खुला र उदार अर्थतन्त्रको अभ्याससँगै सार्वजनिक संस्थानको भूमिकामा फरक आएको हो। केही रणनीतिक महत्त्वका उद्योगमा बाहेक सरकार आफैंले उद्योग सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिँदैन। यसमा हाम्रो सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५० को दफा ८ को बुँदा नं. (ङ) मा सरकारी प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउने व्यवस्था गरेको छ।'

आर्थिक वर्ष २०८३-८४ को वार्षिक बजेटमा सार्वजनिक संस्थानलाई बलियो बनाउन पूँजी वृद्धि तथा सेयर विनिवेशको नीति लिइएकाले सात वटा प्रतिष्ठानको सम्पत्ति र दायित्वको मूल्याङ्कन कार्य भइरहेको जवाफमा उल्लेख छ।

जसमध्ये पाँच वटाको प्रतिवेदन प्राप्त भएको जवाफमा उल्लेख छ। बुटवल धागो कारखाना लिमिटेड र नेपाल आरिन्ड म्याग्नेसाइट प्रालिको सम्पत्ति र दायित्वको मूल्याङ्कन कार्य भइरहेको अर्थको जवाफमा उल्लेख छ। सरकारले निजी-सार्वजनिक साझेदारीको उपयुक्त मोडेल चयन गरी लगानी व्यवस्थापन गर्ने नीति लिएको पनि उल्लेख छ।

जवाफमा हेटौंडा कपडा उद्योग पुनः सञ्चालनका लागि ३३ लाख रूपैयाँ निकासी गरिएको जनाइएको छ। कपडा कारखानामा परीक्षणका रूपमा केही मेसिनमार्फत उत्पादन सुरु गरिएको पनि जवाफमा उल्लेख छ। परीक्षणपश्चात् पुनः सञ्चालनका लागि मोडेलमा छलफल र छनोट गरिने पनि जवाफमा उल्लेख छ।

तनहुँमा तरकारी र धान खेतीको क्षेत्रफल विस्तार

मिसन संवाददाता
तनहुँ, ९ कात्तिक



तनहुँमा व्यावसायिक तरकारी तथा धान खेतीको क्षेत्रफल विस्तार हुँदै गएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सञ्चालनमा रहेका तरकारी र धान जोनमार्फत खेतीको क्षेत्रफल बढ्नुका साथै हजारौँ किसान लाभान्वित भएका छन्।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई गोरखाका वरिष्ठ कृषि विकास अधिकृत पूर्ण ढुङ्गानाका अनुसार तनहुँमा तरकारी जोन सुरु भएयता २१८ हेक्टर र धान जोन सुरु भएयता ८५ हेक्टर क्षेत्रफल वृद्धि भएको छ।

तनहुँमा आर्थिक वर्ष २०७५-७६ देखि तरकारी जोन कार्यक्रम सुरु गरिएको थियो। सुरुवातमा ५०५ हेक्टर क्षेत्रफलमा सञ्चालन भएको तरकारी जोन अहिले विस्तार भएर ७२३ हेक्टर पुगेको छ। यस अवधिमा तरकारी खेतीको क्षेत्रफल २१८ हेक्टरले बढेको हो।

त्यस्तै, आर्थिक वर्ष २०७९-८० देखि धान जोन कार्यक्रम सुरु गरिएको थियो। सुरुवातमा ५०० हेक्टर क्षेत्रफलमा रहेको धान जोन अहिले विस्तार भएर ५८५ हेक्टर पुगेको छ। धान खेतीको क्षेत्रफल पनि ८५ हेक्टरले वृद्धि भएको छ। तरकारी तथा धान खेतीलाई व्यावसायिक र उत्पादनमुखी बनाउने उद्देश्यले सञ्चालन गरिएका यी कार्यक्रमले खेतीको क्षेत्रफल विस्तार गर्न सहयोग पुऱ्याएको ढुंगानाले बताए।

तनहुँको आँबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकामा तरकारी जोन कार्यक्रम सञ्चालन भइरहेको छ।

यी क्षेत्रमा तरकारी उत्पादनलाई व्यवस्थित गर्दै व्यावसायिक खेतीको क्षेत्र विस्तार गर्ने उद्देश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो।

तरकारी जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र ११ कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि विकास अधिकृत ढुङ्गानाले जानकारी दिए। यस जोनबाट हालसम्म एक हजार ९८९ जना लाभान्वित भएका छन्।

किसान, सहकारी, समूह तथा कृषि उद्यमीलाई समेटेर कार्यक्रम सञ्चालन गर्दा उत्पादनलाई व्यावसायिक स्वरूप दिन र कृषि क्षेत्रमा आबद्ध जनशक्तिलाई सङ्गठित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

धान जोन कार्यक्रम तनहुँको व्यास नगरपालिका-८, ९ र ११, भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिका-१ मा सञ्चालन भइरहेको छ। धान उत्पादनको क्षेत्र विस्तार तथा खेतीलाई व्यावसायिक बनाउने उद्धेश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो।

धान जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र १० कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ। यस कार्यक्रमबाट एक हजार ८३८ जना लाभान्वित भएका छन्।

आर्थिक वर्ष २०७९-८० मा पाँच सय हेक्टर क्षेत्रफलबाट सुरु भएको धान जोन अहिले पाँच सय ८५ हेक्टरमा विस्तार भएको छ।

तरकारी र धान जोन कार्यक्रमबाट तनहुँमा कूल तीन हजार आठ सय २७ जना लाभान्वित भएका छन्। तीमध्ये तरकारी जोनबाट एक हजार एक सय ८९ र धान जोनबाट एक हजार आठ सय ३८ जना लाभान्वित भएका छन्।

दुवै कार्यक्रममार्फत खेतीको क्षेत्रफल विस्तार हुनुका साथै सहकारी, कृषक समूह र कृषि उद्यमीको सहभागितामा कृषि गतिविधि सञ्चालन भइरहेको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७७/०६/२७ मा दर्ता भएको प्रा.लि.नं. २४५०८३ को आदीकाली कन्स्ट्रक्सन प्रा.लि. नामक कम्पनीले दफा १३६ (१) दर्ता खारेजी गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

मेहनत र आम्दानी दुवै गाउँमै

मिसन संवाददाता
बैतडी, ९ कात्तिक



यहाँको पाटन नगरपालिका-१० हतासका मदनराज भट्टको मुख्य आम्दानीको स्रोत बनेको छ, फलफूल र तरकारी खेती। घरका लागि मात्रै तरकारी उत्पादन गर्दै आएका भट्ट एक दशकयता व्यावसायिक रूपमा सक्रिय छन्।

उत्पादन राम्रो हुने र बजारको समस्या नभएकाले भट्ट परिवार नै पूर्ण रूपमा कृषि पेसामा आबद्ध छन्। 'श्रीमती र दुई छोरासहित व्यावसायिक कृषि पेसामा आबद्ध छौं,' भट्टले भने, 'व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी हुँदा खुसी छौं।'

विसं २०७२ देखि व्यावसायिक रूपमा सुरु गरेका उनको भेडेखुर्सानी खेती अहिले विस्तार भएर १६ रोपनी क्षेत्रफलमा पुगेको छ। 'बजारको विस्तार भएसँगै भेडे खुर्सानी खेती व्यावसायिक रूपमा गरिरहेका छौं,' उनले भने।

बजारमा उचित मूल्य पाएको वर्ष भेडेखुर्सानीबाट मात्रै रु आठ लाखसम्म आम्दानी हुने गरेको भट्टले बताए। आधुनिक कृषि प्रविधि, विशेष गरी मल्चिङ प्रविधि तथा कृषि उपकरणको प्रयोगले उत्पादनसँगै आम्दानी बढ्दै गएको उनको अनुभव छ।

'कृषिलाई परम्परागत रूपमा मात्र नभई व्यवसायका रूपमा अघि बढाउनसके राम्रो आम्दानी गर्न सकिन्छ,' उनले भने, 'बीउबिजन, ढुवानीलगायत अन्य खर्च कटाएर भेडेखुर्सानीबाटै रु चार लाखसम्म बचत हुने गरेको छ।'

भट्ट परिवारले सञ्चालन गर्दै आएको मल्टी एग्रो फार्ममा करिब ४० रोपनी क्षेत्रफलमा तरकारी तथा फलफूलखेती भइरहेको छ। भेडेखुर्सानी, किवी, कागती, सुन्तला खेतीसँगै कुखुरा तथा बङ्गुरपालन गर्दै आएका छन्।

सुरुका दिनमा प्राविधिक ज्ञानको अभावमा केही कठिनाइ भए पनि अहिले किबीखेती क्रमशः विस्तार हुँदै गएको भट्टका छोरा दिपक बताउँछन्। बजारको केही चुनौती भए तापनि पाँच रोपनीमा किवी खेती गरिएको उनले बताए। 'बजार र प्राविधिक ज्ञानको अभाव छ। युट्युब हेरेर व्यवसाय सञ्चालन गरेको हुँ,' उनले भने, 'विसं २०७६ देखि सुरु गरिएकामा अहिले पाँच रोपनी क्षेत्रफलमा विस्तार गरी किबीका २०० बोट लगाएका छौं।'

दैनिक पन्ध्र सयभन्दा बढी अण्डा उत्पादन

दुई वर्षयता दीपकले कुखुरा पालन व्यवसाय पनि थपेका छन्। रु १० लाखको लगानीमा आधुनिक खोर निर्माण गरी कुखुरा पालन व्यवसाय थपिएको उनले जानकारी दिए। 'अण्डा उत्पादनका लागि लेयर्स जातका दुई हजारबढी कुखुरा छन्,' दीपक भन्छन्, 'दैनिक एक हजार ६०० अण्डा उत्पादन हुने गरेको छ। बैतडीसहित बझाङ र दार्चुलाका विभिन्न बजारमा जाने गरेको छ।'

बजारको अभाव नभए पनि ढुवानीको समस्या हुने गरेको कृषक भट्ट परिवारको भनाइ छ। व्यवसाय विस्तारको योजना भए तापनि दाना, अण्डा, बीउबिजनलगायत उत्पादित तरकारी बजारसम्म पुऱ्याउन सकस हुने गरेको दीपकको भनाइ छ।

मेहनत गरे गाउँमै राम्रो आम्दानी

कृषि व्यवसायबाट वार्षिक रु एक करोडभन्दा बढीको कारोबार हुने भए पनि उत्पादन लागत, दाना, मल, औषधि, श्रम तथा ढुवानीलगायत खर्च कटाउँदा बचत भने अपेक्षाकृत कम हुने गरेको परिवारको भनाइ छ। सबै खर्च कटाएर वार्षिक रु ३० लाखसम्म खुद नाफा हुने गरेको दिपक बताउँछन्।

बाहिर गर्नुपर्ने मेहनत गाउँमै गरे आम्दानी राम्रो हुने दीपक बताउँछन्। 'यहाँ केही पनि छैन भन्दै सयौँ नेपाली रोजगारीको खोजीमा विदेशिने गरेका छन्,' उनले भने, 'तर गाउँमा पनि थुप्रै अवसर छन्। यतै मेहनत गर्यौं भने विदेशको भन्दा राम्रो कमाइ हुन्छ।'

व्यवसाय विस्तार गर्ने योजनामा रहेका भट्टले सरकारको साथ खोजेका छन्। उनले सडकको सहज पहुँच र बजारको थप व्यवस्थापनका लागि स्थानीय सरकारलाई आग्रहसमेत गरे।

सामान्य अंकले घट्यो नेप्से

काठमाडौँ। सोमबार नेप्से परिसूचक सामान्य अंकले घटेको छ। नेप्से ४.३४ अंकले घटेर २६२९.८२ विन्दुमा बन्द भएको छ। कारोबार रकम पनि अघिल्लो दिनको तुलनामा घटेको छ।

असोज ३० गते (शुक्रबार) ४ अर्ब ८८ करोड रूपैयाँको कारोबार भएकोमा यसदिन ४ अर्ब रूपैयाँको कारोबार भएको छ। यसदिन ३४१ वटा धितोपत्रको एक करोड ३ लाख ४३ हजार ७०९ कित्ता सेयर किनबेच भएको हो।

सोमबार ९९ कम्पनीको सेयर मूल्य बढेको छ भने १७१ वटाको घटेको छ। यस्तै, ६ कम्पनी स्थिर छन्। बेनी हाइड्रोपावरको मूल्य सर्वाधिक १४.९९ प्रतिशतले बढेको छ। उक्त कम्पनीको प्रतिकित्ता मूल्य ४०५ रूपैयाँ ९० पैसा पुगेको छ।

यस्तै, माथिल्लो मैलुङ खोला जलविद्युत्को मूल्य



५.८१ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य ३६४ रूपैयाँ कायम भएको छ। यसदिन चिरख्वा हाइड्रोपावरको मूल्य सर्वाधिक ७.९२ प्रतिशतले घटेको छ। उक्त कम्पनीको प्रतिकित्ता मूल्य एक हजार ५३५ रूपैयाँ पुगेको छ।

यसैगरी, महिला लघुवित्तको मूल्य ७.५७ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ९९९ रूपैयाँ २० पैसामा सीमित भएको छ। सोमबार घलेम्दी हाइड्रोको सर्वाधिक कारोबार भएको छ।

उक्त कम्पनीको २१५ रूपैयाँ ९० पैसामा २३ करोड ६६ लाख रूपैयाँको कारोबार भएको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा १.६१ प्रतिशत बढेको हो।

सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा शिवम् सिमेन्ट रहेको छ। उक्त कम्पनीको ६९६ रूपैयाँ ४० पैसामा २० करोड ५८ लाख रूपैयाँ बराबरको सेयर कारोबार भएको छ।

सोमबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये चार समूहको परिसूचक बढेको छ भने बाँकी ९ समूहको घटेको छ। यसमध्ये व्यापार समूहको परिसूचक सर्वाधिक १.११ प्रतिशतले बढेको छ।

नेपालगन्जमा तेस्रो अन्तर्राष्ट्रिय स्वीमिङ च्याम्पियनसिप हुँदै



मिसन संवाददाता

नेपालगन्ज (बाँके), ९ कात्तिक

नेपालगन्जमा तेस्रो नेपालगन्ज अन्तर्राष्ट्रिय स्वीमिङ च्याम्पियनसिप आयोजना हुने भएको छ । नेपालगन्ज स्वीमिङ क्लबको आयोजनामा आगामी कात्तिक १४ र १५ गते नेपालगन्ज रंगशालामा प्रतियोगिता हुन लागेको हो ।

नेपाल स्वीमिङ एसोसिएसनसँगको सहकार्यमा आयोजना हुने प्रतियोगितामा भारतको लखनउ, दिल्ली र पञ्जाबबाट समेत खेलाडी सहभागी हुनेछन् । आयोजकका अनुसार प्रतियोगितामा भारतका करिब ५० र नेपालगन्जसहित देशका विभिन्न स्थानका करिब १५० गरी झन्डै २०० खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा आठ वर्षमुनिदेखि १७ वर्षमुनिका विभिन्न उमेर समूह तथा १७ वर्षभन्दा माथिका खुला समूहका खेलाडी सहभागी हुनेछन् । खेलाडीबीच फ्रिस्टाइल, ब्रेस्टस्ट्रोक, ब्याकस्ट्रोक, बटरफ्लाई, रिले र व्यक्तिगत मेड्ले गरी छ विधाका ८० इभेन्टमा प्रतिस्पर्धा हुनेछ ।

क्लबले स्थापनाकालदेखि नियमित रूपमा राष्ट्रियस्तरका पौडी प्रतियोगिता आयोजना गर्दै आएको छ । पहिलो र दोस्रो संस्करण सफलतापूर्वक सम्पन्न गरेपछि तेस्रो संस्करणलाई अन्तर्राष्ट्रियस्तरको बनाइएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा सहभागी हुने नेपालगन्जका खेलाडीलाई स्वीमिङ प्रशिक्षक चन्दुमान चौधरी र दीपक परियारले होटल सिद्धार्थको स्वीमिङ पुलमा नियमित प्रशिक्षण दिइरहेका छन् ।

प्रतियोगितालाई सफल बनाउन लुम्बिनी प्रदेश खेलकुद परिषद्, नेपालगन्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाले आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । प्रतियोगिता सञ्चालन गर्न करिब ३५ लाख रुपियाँ खर्च हुने अनुमान गरिएको छ ।

प्रतियोगितामा सहभागी खेलाडीलाई खेल अवधिभर नेपालगन्जका स्वीमिङ पुल भएका चारतारेस्तरका होटलमा निःशुल्क आवास तथा खानाको व्यवस्था आयोजकले गर्ने जनाएको छ ।

प्रतियोगिताका लागि नबिल, सिद्धार्थ र माछापुच्छे बैंक बैंकिङ पार्टनरका रूपमा रहेका छन् । त्यसैगरी आदर्श, बागेश्वरी एकेडेमी र शिखालगायतका विद्यालय विद्यालय पार्टनरका रूपमा जोडिएका छन् । डर्मा अर्थ स्किन पार्टनर तथा टेक्नो फ्रन्ट आईटी पार्टनरका रूपमा रहेका छन् ।

नेपालगन्ज स्वीमिङ क्लब पौडी खेलको प्रवर्द्धन गर्ने उद्देश्यले उद्योगी, व्यवसायी, चिकित्सक, इन्जिनियर, कानुन व्यवसायी, चार्टर्ड एकाउन्टेन्ट, सञ्चारकर्मीलगायत नागरिक समाजका अगुवाको पहलमा स्थापना भएको लुम्बिनी प्रदेशकै पहिलो स्वीमिङ क्लब हो ।

पौडीलाई स्वास्थ्य, सुरक्षा र जीवनशैलीसँग जोडिएको महत्त्वपूर्ण खेलका रूपमा लिँदै आएको क्लबले पौडी खेललाई प्रतिस्पर्धात्मक खेलका रूपमा विकास गर्नुका साथै यसलाई जीवनोपयोगी सीपका रूपमा विस्तार गर्ने लक्ष्य राखेको छ ।

स्तरोन्नतिको पर्खाइमा धनगढी रंगशाला, १५ वर्षमा पनि अधुरै पूर्वाधार

मिसन संवाददाता

कैलाली, ९ कात्तिक



सुदूरपश्चिम प्रदेशका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै आए पनि खेलकुद पूर्वाधारको अवस्था भने दयनीय छ । प्रदेशकै प्रमुख र ऐतिहासिक खेलकुद केन्द्रका रूपमा रहेको धनगढी रंगशाला वर्षौंदेखि स्तरोन्नतिको पर्खाइमा छ । पर्याप्त बजेट विनियोजन र सरकारी प्राथमिकताको अभावमा रंगशालाको गुरुयोजनाअनुसारका संरचना निर्माण हुन नसक्दा खेलाडीले आवश्यक सुविधा पाउन सकेका छैनन् ।

धनगढी रंगशालाको स्तरोन्नतिका लागि वर्षौंदेखि निर्माणका काम भइरहे पनि अझै पूर्णता पाउन सकेको छैन । गुरुयोजनाअनुसार निर्माण गर्नुपर्ने प्याराफिट, बहुउद्देश्यीय हल र अन्य आवश्यक पूर्वाधार अधुरै छन् । भएका संरचनासमेत व्यवस्थित र सुविधासम्पन्न नहुँदा खेलकुद गतिविधि सञ्चालन गर्न कठिनाइ भइरहेको छ । प्रदेशमा खेलाडी उत्पादन र खेलकुदको सम्भावना प्रशस्त भए पनि त्यसअनुसारका पूर्वाधार निर्माणमा राज्यले पर्याप्त लगानी गर्न नसकेको खेल क्षेत्रका अगुवाहरूको गुनासो छ ।

धनगढी रंगशालाको गुरुयोजनाअनुसार भिआइपी र सामान्य गरी १६ वटा प्याराफिट ब्लक निर्माण गर्नुपर्ने हो । तर, हालसम्म सातवटा मात्रै निर्माण भएका छन् । निर्माण भएका प्याराफिटमध्ये पनि पाँचवटामा प्लास्टर तथा रङरोगनको काम बाँकी छ । भिआइपीतर्फ तीनवटा प्याराफिट निर्माण गर्ने योजना रहे पनि एउटा मात्रै बनेको छ । त्यस्तै, सामान्यतर्फ १३ वटा प्याराफिट ब्लक बनाउनुपर्नेमा पाँचवटा मात्रै निर्माण भएका छन् । गुरुयोजनाअनुसारका संरचना निर्माण नहुँदा रंगशालाले अझै पूर्ण स्वरूप लिन सकेको छैन । खेलाडी, प्रशिक्षक र खेलकुदका सरोकारवालाले पटकपटक पूर्वाधार विकासको आवश्यकता औंल्याउँदै आए पनि अपेक्षाअनुसार काम हुन सकेको छैन ।

सुदूरपश्चिम कराते महासंघका अध्यक्ष त्रेलोक्यनाथ पाण्डेय राज्यले खेलकुद क्षेत्रमा पर्याप्त लगानी नगरेको बताउँछन् । उनका अनुसार सुदूरपश्चिम खेलाडी उत्पादन गर्ने महत्त्वपूर्ण क्षेत्र हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा यहाँका खेलाडीको सहभागिता रहँदै आएको छ भने उनीहरूले पदकसमेत जित्दै आएका छन् । तर, खेलाडीको क्षमता विकास र नियमित अभ्यासका लागि आवश्यक पूर्वाधार निर्माणमा राज्यले प्राथमिकता नदिएको उनको गुनासो छ ।

पाण्डेय सुदूरपश्चिमका खेलाडीले देशका लागि पदक जितिरहँदा पनि प्रदेशमा एउटा सुविधासम्पन्न रंगशाला निर्माण हुन नसक्नु विडम्बना भएको बताउँछन् । धनगढी रंगशालाको अवस्था र प्रस्तावित फाप्ला क्रिकेट रंगशालाको निर्माणको अन्योलले प्रदेशमा खेलकुद पूर्वाधार विकासप्रति राज्यको प्राथमिकतामाथि प्रश्न उठाएको उनको भनाइ छ । खेलाडीले अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नुपर्ने तर अभ्यास र प्रतियोगिताका लागि आवश्यक सुविधा नपाउने अवस्था अन्त्य हुनुपर्ने उनी बताउँछन् ।

२०६८ सालमा छैटौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने भएपछि धनगढी रंगशालामा तीन करोड रूपैयाँको लागतमा दुईवटा प्याराफिट, फुटबल मैदान र एथलेटिक्सका लागि ट्र्याकलगायतका पूर्वाधार निर्माण गरिएका थिए । त्यसबेला प्रतियोगिता सञ्चालनलाई लक्षित गरी बनाइएका संरचनाले सुदूरपश्चिमको खेलकुद विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको थियो । तर, गुरुयोजनाअनुसार थप पूर्वाधार निर्माण गर्ने काम लामो समयसम्म अधुरै रह्यो । साढे १५ वर्ष बितिसक्दा पनि रंगशालाले पूर्णता नपाउँदा पुराना संरचनाको अवस्था पनि कमजोर बन्दै गएको छ । एथलेटिक्सका लागि निर्माण गरिएका ट्र्याक ठाउँठाउँमा भत्किएका छन् । फुटबल मैदानको उचित संरक्षण हुन नसक्दा प्रतियोगिता सञ्चालन गर्नुअघि मर्मत गर्नुपर्ने अवस्था छ । नियमित मर्मतसम्भार र आवश्यक सुविधाको अभावले खेलाडीको अभ्यासदेखि प्रतियोगिता आयोजनासम्म प्रभावित भइरहेको छ ।

खेलाडीका लागि नियमित अभ्यास गर्न उपयुक्त मैदान, व्यवस्थित प्याराफिट र आवश्यक सहायक पूर्वाधार महत्त्वपूर्ण मानिन्छन् । तर, धनगढी रंगशालामा यी सुविधा पर्याप्त नहुँदा खेलाडीले विभिन्न कठिनाइबीच अभ्यास गर्नुपर्ने अवस्था छ । प्रदेशस्तरका प्रतियोगितादेखि राष्ट्रियस्तरका खेलकुद गतिविधि सञ्चालन गर्न सक्ने क्षमताको विकास हुन नसक्दा सुदूरपश्चिमले खेलकुद क्षेत्रमा अपेक्षित फड्को मार्न सकेको छैन । रंगशालाभित्र रहेको बहुउद्देश्यीय हलको अवस्था पनि उस्तै छ । निर्माणाधीन अर्को बहुउद्देश्यीय हल लामो समयदेखि अलपत्र अवस्थामा छ । हलमा प्लास्टर गर्ने, भित्र प्याराफिट निर्माण गर्ने तथा झ्यालढोका जडान गर्नेलगायतका काम पूरा हुन सकेका छैनन् । बहुउद्देश्यीय हल निर्माण सम्पन्न भएमा विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्न सहज हुने भए पनि अधुरो संरचनाका कारण त्यसको उपयोग हुन सकेको छैन ।

रंगशालाको स्तरोन्नतिका लागि पछिल्ला केही वर्षयता सरकारले बजेट विनियोजन नगरेको खेल क्षेत्रका सरोकारवालाहरूको गुनासो छ । आवश्यक बजेट नहुँदा निर्माणाधीन संरचना पूरा गर्न तथा पुराना पूर्वाधारको मर्मतसम्भार गर्न समस्या भइरहेको छ । वर्षौंदेखि अधुरो रहेको योजनालाई प्राथमिकतामा राखेर काम अघि बढाउनुपर्ने माग खेलकुद क्षेत्रबाट उठ्दै आएको छ । खेलकुद परिषद्का सदस्यसचिव लोकबहादुर खड्काले धनगढी रंगशालाको स्तरोन्नतिका लागि यसपटक प्रदेश सरकारसँग आवश्यक बजेट माग गरिएको बताएका छन् । रंगशालाको पूर्वाधार विकासका लागि बजेट आवश्यक रहेको उनको भनाइ छ ।

धनगढी रंगशालाको अवस्था र फाप्ला क्रिकेट रंगशाला निर्माणमा देखिएको अन्योलले सुदूरपश्चिमको खेलकुद पूर्वाधार विकासमा सरकारी लगानीको निरन्तरतामाथि प्रश्न उठाएको छ । एकातिर खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रदेशको प्रतिनिधित्व गर्दै पदक जितिरहेका छन् भने अर्कोतिर उनीहरूलाई अभ्यास र प्रतियोगिताका लागि आवश्यक पूर्वाधारको अभाव छ । खेलाडीको प्रतिभा र सम्भावनालाई परिणाममा बदल्न आधुनिक तथा सुविधासम्पन्न खेलकुद संरचना निर्माण गर्नु अपरिहार्य छ ।

दोस्रो झापा महिला आमन्त्रण गोल्डकप मङ्सिर ५ गतेदेखि



झापा । दोस्रो झापा महिला आमन्त्रण गोल्डकप आगामी मङ्सिर ५ देखि १२ गतेसम्म झापाको दूधे रङ्गशालामा हुने भएको छ । प्रतियोगिताबारे आयोजक झापा महिला गोल्डकपले खेलमैदानमा पत्रकार सम्मेलन आयोजना गरी जानकारी दिएको हो ।

देशकै प्रतिष्ठितमध्ये एक मानिने तथा सर्वाधिक चर्चा कमाएको प्रतियोगिताको दोस्रो संस्करणमा नेपालका तीन विभागीय टोलीसहित आठ टोलीको सहभागिता रहने आयोजक समितिका अध्यक्ष सन्तोष थापाले जानकारी दिए ।

प्रतियोगितामा नेपाल पुलिस, नेपाली सेना र सशस्त्र प्रहरीका टोलीसँगै भारत, भूटान र अर्को एक विदेशी टोली, एक ए डिभिजन क्लब तथा आयोजक टोली सहभागी हुनेछन् । आयोजकले कोशी प्रदेशका महिला खेलाडी छनोट गरी आफ्नो टोली पनि तयार पार्ने जनाएको छ ।


प्रतियोगिताको विजेताले रु ११ लाख र उपविजेताले रु पाँच लाख ५० हजार पुरस्कार पाउनेछन् । त्यस्तै, सर्वोत्कृष्ट खेलाडीले रु एक लाख ५० हजार प्राप्त गर्नेछन् भने उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, प्रशिक्षक र सर्वाधिक गोलकर्तालाई जनही रु २५ हजार प्रदान गरिने अध्यक्ष थापाले जानकारी दिए । प्रत्येक खेलको उत्कृष्ट खेलाडीलाई रु १५ हजार पुरस्कार प्रदान गरिनेछ ।

प्रतियोगिता सञ्चालनका लागि रु एक करोड २५ लाख खर्च हुने अनुमान गरिएको छ । प्रतियोगितालाई लक्षित गरी दूधे रङ्गशालाको स्तरोन्नति भइरहेको र दर्शकका लागि बाँसको अस्थायी प्यारापिट निर्माण गरिने आयोजकले जनाएको छ ।

एमबाप्पेको दुई गोलमा रियल मड्रिडको एल क्लासिकोमा रोमाञ्चक जित

मिसन संवाददाता

काठमाडौं, ९ कात्तिक



एल क्लासिकोमा किलियन एमबाप्पेले दुई गोल गरेपछि रियल मड्रिडले बार्सिलोनालाई पराजित गरेको छ । एमबाप्पेले खेलको ८७औं मिनेटमा निर्णायक गोल गर्दै रियललाई जित दिलाए ।

खेलको ४१औं मिनेटमा एमबाप्पेले गोल गर्दै रियललाई अग्रता दिलाएका थिए । बार्सिलोनाका डिफेन्डर जेरार्ड मार्टिनले क्लियर गर्न खोजेको बल एमबाप्पेलाई लाग्दै गोल भएको थियो ।


६१औं मिनेटमा राफिन्हाले पेड्रीको पासमा गोल गर्दै बार्सिलोनालाई खेलमा फर्काए । तर, खेल सकिन तीन मिनेट बाँकी रहँदा जुड बेलिङघमको उत्कृष्ट मुभपछि वैकल्पिक खेलाडी एडुआर्डो कामाभिंगाले उपलब्ध गराएको पासमा एमबाप्पेले खाली पोस्टमा गोल गर्दै रियलको जित सुनिश्चित गरे ।

रियलका गोलकिपर एन्ड्री लुनिनले पनि उत्कृष्ट प्रदर्शन गरे । पहिलो रोजाइका गोलकिपर थिबाउ कोर्टुवाको अनुपस्थितिमा खेलेका उनले बार्सिलोनाका जेरार्ड मार्टिनको खतरनाक हेडरलाई एक हातले बचाउँदै टोलीको जितमा महत्वपूर्ण योगदान दिए । रियलले निलम्बनमा रहेका भिनिसियस जुनियर र बिरामी कोर्टुवा बिना नै जित निकालेको हो ।

यस हारसँगै बार्सिलोनाको स्पेनिस ला लिगामा सिजनको सुरुवाती लगातार नौ जितको कीर्तिमानभन्दा अघि बढ्ने सपना अधुरै रह्यो। सन् १९६८-६९ मा रियल मड्रिडले बनाएको लगातार नौ जितको कीर्तिमान बराबरी गरेको बार्सिलोना त्यसलाई तोड्न असफल भयो ।

सन् २०२४ मा पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट रियल आएयता एमबाप्पेले सात एल क्लासिकोमा आठ गोल गरिसकेका छन् । उनले यस सिजन ला लिगामा १०औं र ११औं गोल गरेका हुन् । लिगमा उनीभन्दा बढी गोल राफिन्हा (१३)ले मात्र गरेका छन् ।

लिगका १० खेलपछि बार्सिलोना २७ अंकसहित शीर्ष स्थानमा छ । दोस्रो स्थानको एट्लेटिको मड्रिडभन्दा दुई अंकले अघि रहेको बार्सिलोनालाई हराएको रियल भने एक अंकले पछाडि रहँदै तेस्रो स्थानमा छ ।



मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक: बिनोद पौडेल । **कार्यालय:** कोहलपुर बाँके । नयाँ बानेश्वर, काठमाडौं । **फोन:** ९८५१३१९६६९, ९८५८०२३०६९, ९८५१४०६५६९
इमेल: missiontodaydaily@gmail.com । **विज्ञापनका लागि इमेल:** adv.marketingmission@gmail.com । **मुद्रण:** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके) । नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर ।